वर्ष १८ | अंक ४८ | नेपाल संवत् ११४० | २०७६ मंसिर १ गते आइतबार | 17 Nov. 2019 | पृष्ठ ८ | मूल्य रु. १०

visit Nepal 2020 Lifetime Experiences

एउटै पढे पुग्छ

# समाधान

samadhannews.com






**दाइँको चटारो :** पोखरा ३१ वेगनासस्थित त्रिकाङ फाँटमा शनिबार धान बत्ताउने क्रममा छर्रा (जाली) हान्दै १ किसान । *तस्बिर सौजन्य : सिबी थापा*


# फेवामा अश्लील हर्कत !

**ईश्वर देवकोटा**
पोखरा, ३० कात्तिक

नेपालमा पर्यटक ओइरिने एउटै कारण छ, यहाँको प्राकृतिक सौन्दर्य । कंक्रिट संरचनाबाट आहत भएका विदेशी पर्यटकका आँखा प्राकृतिक स्वच्छन्द सम्पदामा रमाउन पाउँदा साँच्चिकै राहत महसुस गर्छन् । त्यस्ता सम्पदा नेपाली जनसमुदायका धार्मिक पुज्य स्थल पनि हुन् । जुन वर्षौदेखि पुजिँदै संरक्षण भइरहेका छन् ।

तर घुम्ने बहानामा केही विदेशीले नेपालका पवित्र प्राकृतिक स्रोत, साधनमा अश्लील गतिविधि गर्नाले त्यस क्षेत्रको सुगन्ध भन्दा दुर्गन्ध फैलिन्छ । यस्तै दुर्गन्ध फैलाइएकी छन् १ विदेशी नागरिकले ।

युवामाझ अत्यन्तै लोकप्रिय बनेको सामाजिक सञ्जाल इन्स्टाग्राममा 'कोम्सिकोम्सास' नामक विदेशी महिलाले पोखराको फेवातालमा खिचाएको नग्न तस्बिर पोस्ट गरेकी छन् । एकैसाथ २ तस्बिर पोस्ट गरेकी उनले क्याप्सनमै 'प्रकृतिको आनन्द लिन स्वतन्त्र छोडिदिन्छु' मनसाय व्यक्त गरेकी छन् । रसियाली भाषामा उल्लिखित उक्त क्याप्सनमा त्यसको भोलिपल्ट नै अन्नपूर्ण बेस क्याम्पका लागि यात्रा गर्नेसमेत जनाइएकी छन् ।



उक्त तस्बिरमा टपलेस देखिएकी उक्त महिला पछाडिबाट पिठ्यूँ फर्काएर हातमा बहाना लिई डुंगामा बसेको देख्न सकिन्छ । ६ सय ६४ फ्लोअर्स भएको उनको इन्स्टाग्राममा आफू योग प्रशिक्षक भएको खुलाएकी छन् । उक्त नग्न तस्बिरमा मात्रै सयौं लाइक र कमेन्ट छन् ।

अन्नपूर्ण सर्किट हुँदै थोरङ भन्ज्याङ पुगेकी उनका गतिविधि सञ्जालमा हेर्दा पनि विभिन्न प्राकृतिक सम्पदामा अर्धनग्न तस्बिर खिचाइरहेको देखिन्छ । तर फेवातालमा अधिक मानवीय चहलपहल हुने ठाउँमा समेत दिउँसोकै समयमा नग्न तस्बिर खिचाउनुले निगरानी गर्ने निकायले त्यस्ता गतिविधि निषेध गर्न चासो नदेखाएको हो कि भन्ने प्रश्न उठेको छ ।

**यस्तो छ सजाय**

मुलुकी अपराध संहिताले नै सार्वजनिक स्थलमा यौनांग देखाउन नहुने सम्बन्धी स्पष्ट कानुनी व्यवस्था गरेको छ ।

संहिताको परिच्छेद ५, दफा १२२ मा '१० वर्षभन्दा माथिको व्यक्तिले स्वास्थ्य विज्ञान वा चिकित्सा सम्बन्धी उपचारको प्रयोजनका लागि बाहेक सार्वजनिक स्थानमा अश्लील क्रियाकलाप वा व्यवहार गर्न वा यौनांग देखाउन वा कसैलाई अश्लील शब्द बोल्न वा इशारा गर्न हुँदैन' भन्ने व्यवस्था छ । त्यस्तो कार्य गर्नेलाई ६ महिनासम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने उल्लेख छ ।

सार्वजनिक स्थानमा वा अरु मानिसले देख्ने गरी अन्य कुनै स्थानमा कसैसँग यौन क्रिया गर्न वा कुनै किसिमको अप्राकृतिक मैथुन गर्नेलाई १ वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।

**भेट्टाए कारबाही गर्छौं: पर्यटक प्रहरी**

सार्वजनिक स्थलमा यौनांग देखाई सामाजिक खलल पुऱ्याउने जहाँसुकैका नागरिक भए पनि कारबाही हुने पर्यटक प्रहरी कार्यालय पोखराका १ प्रहरीले बताए । निगरानी नै फितलो भएको हो कि भन्ने प्रश्नमा उनी भन्छन्, 'गस्तीका क्रममा भेटिएका वा सूचनाको आधारमा नग्न हिँडिरहेका अवस्थासमेत फेला पारेकालाई कानुन अनुसार कारबाही सिफारिस गरी उनीहरुकै देश फर्काउनेसम्म गरेका छौं ।'

इन्स्टाग्राममा नग्न तस्बिर अपलोड गरेकी रसियाली महिलाले नेपाल छाडिसकेकी छन् । त्यसै कारण उनलाई पक्राउ गरेर कारबाही गर्न सम्भव नभएकाले सम्बन्धित विभागमा रिपोर्ट गरिने ती प्रहरी अधिकारीले बताए ।

# 'अटेरी' फुटपाथ व्यापारीलाई कारबाही

**विकास रोकामगर**
पोखरा, ३० कात्तिक

मुख्य बजार क्षेत्रका सडक छेउमा व्यापार गर्ने २० जनालाई महानगरले कारबाही गरेको छ । पहिलो पटकका लागि प्रति व्यापारी १ हजारका दरले जरिवाना गरिएको महानगरले जनाएको छ ।

सडक छेउका फुटपाथ ओगटेर बसेका व्यापारीलाई हट्न महानगरले कात्तिक १७ गते १ हप्ते अल्टिमेटम दिएको थियो । महानगरले तोकेको समयावधिमा पनि फुटपाथ व्यापार नहटाएपछि ती व्यापारीलाई कारबाही गरिएको महानगर निरीक्षण महाशाखाका प्रहरी नायब निरीक्षक पुरुषोत्तम थापाले जानकारी दिए ।

'पहिले २ सय रुपैयाँमात्रै जरिवाना गरिन्थ्यो । कम रुपैयाँ जरिवाना गर्दा झनै अटेरी गरे,' महानगरले फुटपाथ व्यापार हटाउन गठन गरेको समिति संयोजकसमेत रहेका थापाले भने, 'तर, महानगरको कात्तिक ७ गते बसेको बैठकले १० हजारसम्म जरिवाना गर्नसक्ने निर्णय गरिसकेपछि सोही अनुसार कारबाही प्रक्रिया थालेका हौं ।' उनले पटके कारबाहीमा परेमा जरिवानासहित सामान पनि जफत गर्नेगरी व्यापारीसँग सहमति गरिएको जानकारी दिए ।

कारबाही पर्नेमा सबैभन्दा बढी महेन्द्रपुल र पृथ्वीचोकका व्यापारी छन् । 'सबैभन्दा बढी व्यस्त व्यापारिक ठाउँ पनि तिनै हुन् । त्यहाँ मान्छेको बढी चाप हुने हुनाले फुटपाथ व्यापारी पनि बढी हुन्छन्,' थापाले भने । महानगरले पोखराका मुख्य व्यापारिक क्षेत्र नयाँ बजार, महेन्द्रपुल, सिद्धार्थचोक, पृथ्वीचोक, सिर्जनाचोक, बगर लगायत ठाउँका सबै फुटपाथ व्यापार हटाउन पत्राचार गरेको थियो ।

**अनुगमन दिउँसोमात्रै!**

१ हप्ताअघिसम्म पोखरा महेन्द्रपुल र पृथ्वीचोकमा फुटपाथ व्यापारी टम्म भरिएका हुन्थे । जसका कारण यात्रुलाई मात्रै नभई त्यहाँ व्यापार गरिरहेका अरु व्यापारीलाईसमेत सकस पर्ने गर्दथ्यो । महानगरले अहिले फुटपाथ व्यापारीमाथि अनुगमन र कारबाही सुरु गरेपछि दिउँसोका व्यापारी घटेका छन् । तर, साँझ र बिहानको समस्या भने उस्तै छ ।

महानगरले दिउँसोमात्रै अनुगमन गर्ने भएकाले बिहानसाँझ फुटपाथ व्यापारी नघटेका हुन् । तोकिएका मुख्य बजार क्षेत्रका सडकवरिपरि व्यापार हटाउन नगर प्रहरीलाई जिम्मा दिएको छ । नगर प्रहरीले महानगरले बिहान १० बजेदेखि साँझ ४ बजेसम्म अर्थात 'कार्यालय समय'मा मात्रै अनुगमन गरिरहेको छ ।

दिउँसोबाहेक बिहान र साँझ पनि अनुगमन गर्न जनशक्ति अभाव रहेको महानगर ट्राफिक व्यवस्थापन प्रमुख इन्जिनियर सुरेन्द्र पौडेल बताउँछन् । 'दिउँसो नगर प्रहरीले अनुगमनमात्रै होइन । अटेरी गर्ने व्यापारीलाई कारबाही नै गरिरहेको छ । तर, बिहान र साँझ अनुगमन गर्ने हामीसँग जनशक्ति अभाव छ,' उनले भने, 'जनशक्ति अभावको मौका पारेर व्यापारीहरु मनमौजी गरिरहेका छन् ।'

महानगर निरीक्षण महाशाखाका प्रहरी नायब निरीक्षक पुरुषोत्तम थापा बिहान र साँझ पनि अनुगमन गर्न 'ओभर टाइम'को व्यवस्था हुनुपर्ने बताउँछन् । उनले बिहान बेलुकाको अनुगमन बढाउन थप जनशक्ति व्यवस्था गर्न महानगरलाई जानकारी दिइसकेको बताए । पोखरा महानगरको फुटपाथ व्यापार हटाउन कात्तिक ७ गतेको बसेको बैठकले निर्णय गरेको थियो । निर्णय अनुसार फुटपाथ व्यापारीमात्रै नभई व्यापार गर्न स्वीकृति दिने घरधनीसमेत कारबाहीको दायरामा पर्नेछन् । फुटपाथमा व्यापार गर्ने व्यापारीलाई ५ हजारदेखि १० हजारसम्म जरिवाना गर्ने महानगरले निर्णय गरेको छ ।

७ गते बसेको महानगर बैठकले पोखरा चिप्लेढुंगामास्थित मानव अधिकार चोक र विपी चोकमा कुनै पनि प्रकारको कार्यक्रम नगर्न सूचित गरेको छ ।

# कोरला सडक ३ दिन बन्द हुने

**एसके थकाली**
जोमसोम, ३० कात्तिक

राष्ट्रिय गौरवको आयोजना कालिगण्डकी करिडोरको जोमसोम-कोरला सडकमा ३ यातायातका साधन आउजाउ बन्द हुने भएको छ । जोमसोम-कोरला निर्माणाधीन सडकको तेस्रो खण्डमा सवारी आवागमन बन्द गरी बाटो निर्माण गर्नुपर्ने भएकाले करिडोरले ३ दिन यातायातका साधन आउजाउ रोक्ने भएको हो ।



चैलेदेखि भेनासम्मको खण्डमा पर्ने समरको भीर र झो खोलासम्मको सडक माथि ठूला ठूला कडा चट्टान भएकाले करिडोरले त्यहाँ बिस्फोटक पदार्थ प्रयोग गरी भीर फोर्न थालेको छ ।

सडक खुला रहँदा निर्माणमा बाधा पुग्ने उल्लेख गर्दै करिडोरले मंसिर ५ गतेदेखि मंसिर ७ गतेसम्म ३ दिन सडक बन्द गर्ने निर्णय गरेको करिडोर सडकका आयोजना प्रमुख मुकुन्दराज अधिकारीले जानकारी दिए । उनका अनुसार केही महिनादेखि समरको भीरमा ब्लास्टिङ गरी भीर फोर्न सुरु गरेको हो । कोरला सडक अन्तर्गत तेस्रो खण्डको १२ किलोमिटर सडक निर्माणको ठेक्का कान्छाराम कोशी एन्ड न्यौपानेले लिएको छ ।

जोमसोमदेखि कोरलासम्मको सबैभन्दा जोखिम सडकका रुपमा रहेको उक्त साविक सडकमा करिडोरले चट्टान काट्ने र सडकको ग्रेट मिलाउने काम सुरु गरेको हो । करिडोरले ७ दिन बन्द गर्नुपर्ने प्रस्ताव स्थानीय प्रशासन र सर्वपक्षीय भेलामा राखे पनि उपल्लो मुस्ताङीहरु जाडो छल्न बेशी झर्ने क्रम सुरु भइसकेकाले ४ दिन घटाइएको प्रमुख जिल्ला अधिकारी वेदप्रसाद अर्यालले जानकारी दिए ।

जोमसोम कोरला १ सय १० किलोमिटर सडकलाई ७ खण्डमा विभाजन गरी काम सुरु भएको थियो । जोमसोम कोरला सडकको २ पटक म्याद थप भइसकेको छ भने पछिल्लो समय थपिएको म्याद समेत असारमा सकिँदै छ । जोमसोम कोरला ११ मिटर फराकिलो ग्राभेल सडकको ४ खण्डका काम अन्तिम चरणमा छन् । छोसेरदेखि कोरला १६ किलोमिटर सडक यसअघि नै करिडोरलाई हस्तान्तरण भइसकेको इन्जिनियर अश्विनीकुमार यादवले जानकारी दिए ।

जोमसोम कोरला खण्डको चैले–भेना खण्ड र चराङदेखि छोसेर खण्डको काम सुस्त भएकाले अपेक्षा अनुसार सडकको प्रगति नभएको करिडोरले जनाएको छ । सडक निर्माण गर्ने सम्झौता गरेको कन्टेक कान्छाराम कोसी एन्ड न्यौपानेले पेटी ठेकेदारलाई जिम्मा लगाएको र उनीहरुले सडकको कामलाई अघि नबढाएकाले काममा प्रगति नभएको लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले बताए ।

सडकको काममा ढिलो गर्ने कम्पनीलाई कारबाही गर्नुपर्ने अध्यक्ष विष्टको भनाइ छ । उनले सीमित उपकरण राखेर काम गरेजस्तो गर्ने तर कामलाई गति दिन निर्माण कम्पनी उदासीन भएको आरोप लगाए । कान्छाराम फर्मको उक्त ठेक्का यसअघि पर्यटन सहायकमन्त्री धनबहादुर बुढाले लिएका थिए । उनीबाट काम नभएपछि अहिले अर्को पेटी ठेकेदारले काम थालेका छन् । उक्त खण्डमा जम्मा ३५ प्रतिशत सडकको काम भएको छ । अध्यक्ष विष्टले उक्त खण्डमा मापदण्ड अनुसार आवश्यक उपकरणको व्यवस्था गर्न सुझाए ।

उपल्लो मुस्ताङमा हिउँद याममा हिमपात हुन्छ । चिसो छाउने भएकाले पुसदेखि फागुनसम्म काम गर्न सकिँदैन । उपल्लो मुस्ताङमा चिसो बढेकाले मजदुरसमेत अन्यत्रै जान्छन् ।




हामीलाई FOLLOW गर्नुहोस्
TWITTER.COM/ SAMADHAN_NEWS

# मन्दिरलाई सहयोग

**समाधान संवाददाता**
पोखरा, ३० कात्तिक

रामघाटस्थित गीताशान्ति मार्ग महिला समूहले तिहारमा भैलो खेलेर उठेको रकमले रामघाटको शिव मन्दिर परिसरमा ट्रस्ट निर्माणका लागि सहयोग गरेको छ ।

उक्त समूहकी अध्यक्ष इशु गौतमले शनिबार २ लाख ५० हजार रुपैयाँको चेक मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रामबहादुर केसीलाई हस्तान्तरण गरिन् । कार्यक्रममा संस्थाकी उपाध्यक्ष शान्ति सुवेदीले स्वागत मन्तव्यसहित कार्यक्रमबारे जानकारी राखिन् । विष्णु शर्मा तिमिल्सिना, वीरेन्द्रबहादुर कार्की, निर्मला कार्की भण्डारीले शुभकामना मन्तव्य राखे । संस्थाकी सचिव मञ्जु भण्डारीले कार्यक्रम सञ्चालन गरेकी थिइन् ।


**प्राइभेट SEE, +2 मा भर्ना**

- ग्रेडिङ सिस्टम अनुसार घरमै बसी स्वअध्ययन गरेर वा नियमित कक्षा लिएर SLC/SEE मा १००% पास गर्न सकिने छ। साथै SEE/SLC मा जुनसुकै Grade आएकाले पनि कक्षा ११ तथा ६ महिनामै +२ पास गर्न सकिने।
- कक्षा ६, ७ र ८ फेललाई विशेष कक्षाको व्यवस्था ।

**हाइलाइट ओपन स्कूल**
सृजनाचोक, पोखरा-८, फोन: ०६१-५३५५५१, ९८५६०३५५५१

**URGENTLY REQUIRED**
Published Date: 2076-07-29 BS

**1. GRADE TEACHER (Grade-I)**
Level: Basic Level
Required Number: 1 (One)
Qualification: +2 or Equivalent

**2. SCIENCE LAB ASSISTANT**
**Level: Basic Level**
**Required Number: 1 (One)**
**Qualification: +2 Science or Equivalent**

*Candidates having experience, sound English language command, and additional qualifications are preferable. Interested candidates are requested to submit their application along with detailed C.V. by 5th of Mangsir 2076 B.S., Thursday at school.*
**Written Exam: 2076-08-06 B.S. at 7:30 AM Sharp.**

Principal
NEW WEST POINT
AWASIYA SECONDARY SCHOOL
Beni Bazar, Myagdi
Contact: 069-520472 (Office); 9857621471, 9847633840
E-mail: westpoint.520472@gmail.com


# गण्डकी र वासिङ्टनबीच भगिनी सम्बन्ध

**समाधान संवाददाता**
पोखरा, ३० कात्तिक

गण्डकी प्रदेश र अमेरिकाको वासिङ्टन राज्यबीच भगिनी सम्बन्ध स्थापित हुने भएको छ । अमेरिका भ्रमणमा रहेका गण्डकी प्रदेशमा मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ र वासिङ्टनका गभर्नर जे इन्जलीबीच शुक्रबार भगिनी सम्बन्ध स्थापित गर्नेबारेमा छलफल भएको छ ।

भौगोलिक हिसाबमा गण्डकी प्रदेश र वासिङ्टनबीच घेरै समानता रहेकाले भगिनी सम्बन्ध स्थापना गर्ने बारेमा छलफल भएको छिट्टै नै सकारात्मक परिणाम आउने मुख्यमन्त्री सुब्बाले जानकारी दिए । विकास

**भौगोलिक हिसाबमा गण्डकी प्रदेश र वासिङ्टनबीच घेरै समानता**

र समृद्धिका लागि सहकार्य गर्ने उद्देश्यले भगिनी राज्यको सम्बन्ध कायम गर्ने प्रस्ताव गरेको र त्यसमा वासिङ्टनका गभर्नर जे इन्जली सकारात्मक रहेको मुख्य मन्त्री गुरुङले बताए । गण्डकीका मुख्यमन्त्री गुरुङसहितको टोली वासिङ्टनका गभर्नर इन्जलीको निम्तोमा अमेरिका गएको थियो । मुख्यमन्त्री गुरुङ र वासिङ्टनका गभर्नर इन्जलीबीच सियाटलमा भेटवार्ता भएको हो ।

भेटको क्रममा आफूहरुबीच २ राज्यबीच सहकार्य स्थापित गर्ने विषयमा छलफल भएको मुख्यमन्त्री गुरुङले जानकारी दिए । आफूहरुले वासिङ्टनका विभिन्न क्षेत्रको अवलोकन गरेको मुख्यमन्त्री गुरुङले बताए ।

वासिङ्टनमा पनि गण्डकी प्रदेशमा जस्तै तालहरु रहेको र नेपालको जस्तै वासिङ्टन राज्यको आधिकारिक फूल लालिगुराँस हो । आफूले वासिङ्टनका गभर्नर इन्जलीलाई गण्डकी प्रदेश भ्रमणको निम्तो दिएको र इन्जलीले चाँडै आउने



**अमेरिका भ्रमणमा रहेको गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङसहितको टोली अमेरिकाको वासिङ्टन राज्यका गभर्नर जे इन्जलीका साथमा।**
*तस्बिर : मुख्यमन्त्रीको कार्यालय*

प्रतिबद्धता जनाएको मुख्यमन्त्री गुरुङले जानकारी दिए । नेपालको गण्डकी प्रदेश निकै सुन्दर रहेकाबारे आफू जानकार रहेको भन्दै गभर्नर सकेसम्म समय मिलाएर अर्को वर्ष परिवारसहति भ्रमणमा आउने प्रतिबद्धता जनाएका छन् । ग्लोबल वार्मिङले हिमाल र हिमालय क्षेत्रमा पारेको प्रभावबारे चिन्ता व्यक्त गर्दै गभर्नर इन्जलीले वातावरण जोगाउन विश्व एकमत हुनुपर्नेमा जोड दिए ।

भ्रमणको क्रममा आफूहरुले वासिङ्टन राज्यका विभिन्न काउन्टी तथा समग्र राज्यमै कानुनी अपराध न्यूनीकरण तथा दण्डहीनता अन्त्य गर्ने सम्बन्धमा भइरहेका प्रयासहरुबारे अध्ययन गरेको मुख्यमन्त्री गुरुङले बताए । यस्तै त्यहाँको प्रहरीको कार्यशैली र अपराध अनुसन्धानको प्रक्रियाबारे पनि जानकारी लिएको र त्यसले आफ्नो प्रदेशमा कानुन कार्यान्वयनका लागि सहयोग पुग्ने उनले बताए ।

यस्तै अमेरिका भ्रमणको क्रममा युएस-नेपाल मेडिकल फाउन्डेसनका पदाधिकारीसँग पनि कुराकानी गरेको बताए । मेडिकल शिक्षाका सम्बन्धमा भएको कुराकानी सकारात्मक रहेको मुख्यमन्त्री गुरुङले जानकारी दिए । गण्डकी प्रदेशमा अन्तर्राष्ट्रियस्तरको विश्वविद्यालय स्थापनाका लागि छलफल सकारात्मक भएको र अक्सिजन प्लान्ट निर्माणबारेमा पनि कुराकानी भएको भ्रमणमा सहभागी गण्डकी प्रदेशमा मुख्य न्यायाधिवक्ता राजेन्द्र घिमिरेले जानकारी दिए ।

# एक्सेसले 'युके इन्फरमेसन सेसन' गर्ने

पोखरा, ३० कात्तिक (समाधान)- एक्सेस एजुकेसन नेटवर्कको आयोजनामा मंसिर १ गते आइतबार युके इन्फर्मेसन सेसन हुने भएको छ । उच्च शिक्षा अध्ययनका लागि युके जान चाहने विद्यार्थी तथा अभिभावकलाई लक्ष्य गरी कार्यक्रम आयोजना गरिएको सञ्चालक राजन भण्डारीले जानकारी दिए ।

एक्सेसको कार्यालय सिद्धार्थचोकस्थित रुपाकोट कम्प्लेक्समा कार्यक्रम हुनेछ । कार्यक्रम बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म चल्ने भण्डारीले जानकारी दिए । इन्फर्मेसन सेसनमा युकेका युनिभर्सिटी अफ ल, युनिभर्सिटी अफ वेस्ट लन्डन, युनिभर्सिटी अफ बेड फोर्ड सायर, युनिभर्सिटी अफ साउथ वेल्स, युनिभर्सिटी अफ सन्डरल्यान्ड, युनिभर्सिटी अफ ओरचेस्टर, युनिभर्सिटी अफ हडर्सफिल्डका प्रतिनिधि सहभागी हुनेछन् ।

युकेमा उच्च शिक्षा अध्ययनका लागि जाँदा ध्यान दिनुपर्ने कुराहरु, युकेको शिक्षाका विशेषता लगायत विद्यार्थीलाई आवश्यक पर्ने जानकारी कार्यक्रममा प्रदान गरिने भण्डारीले जानकारी दिए । युकेमा अध्ययन पश्चात २ वर्षका लागि रोजगारीको अवसर समेत प्रदान गरिने भएकाले उच्च शिक्षा अध्ययन गर्न युके जान चाहनेहरुको संख्या बढेको छ । इन्फर्मेसन सेसनमा सहभागी विद्यार्थीलाई विशेष उपहार प्रदान गरिने भण्डारीले जानकारी दिए । विगत १४ वर्षदेखि सञ्चालित एक्सेसले युकेसहित न्युजिल्यान्ड, अस्ट्रेलिया र क्यानडाका लागि पनि काम गर्दै आइरहेको छ ।

# जनसक्रियमा शिविर




**समाधान संवाददाता**
पोखरा, ३० कात्तिक

जनसक्रिय टोल विकास संस्था पोखरा १४ ले विश्व मधुमेह दिवसको अवसरमा शिविर आयोजना गरेको छ । टोलले आयोजना गरेको शिविरमा १ सय ७४ जनाको सित्तैमा जाँच गरिएको छ ।

पिआरएलको प्राविधिक सहयोगमा भएको शिविरमा मधुमेह र रगतमा हुने खराब बोसो (टिजी) सित्तैमा जाँच गरिएको थियो । पोखरा १४ का अध्यक्ष प्रेमबहादुर कार्कीले भर्खरै स्थापना भएको टोलले स्वास्थ्य, सरसफाइ जस्ता जनसरोकारका क्षेत्रमा उदाहरणीय काम थालेको बताए । यो टोल कात्तिक २ गते दर्ता भएको हो ।

जनसक्रियका अध्यक्ष डिबी राईले टोलले हरेक शनिबार टोलमा सरसफाइ गरिरहेको बताए । उनले विकास र समृद्धिका लागि स्थानीय सरकार र नागरिकबीच पुलको कार्य गरिने बताए ।

कार्यक्रममा टोलका उपाध्यक्ष दिलीप सुवेदी, सचिव माधव क्षेत्री, सामुदायिक सेवा केन्द्र माटेपानीका उपाध्यक्ष मीरा आचार्य, खाल्टे टोल विकास संस्थाका अध्यक्ष सु. भीमबहादुर गुरुङ, शुक्रराज बलभद्र माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष रोमबहादुर कार्की, गैह्रीगाउँ टोलका अध्यक्ष दलमान पुन, नेकपा १४ अध्यक्ष बलबहादुर सेञ्चुरी, नेकपा जिल्ला सदस्य खड्क विक र पोखरा १४ का वडा सदस्य ढोलबहादुर गुरुङले बोलेका थिए ।

## वर्गीकृत विज्ञापन डिस्प्ले


**आवश्यकता**
सिद्धार्थचोकमा अगरबत्ति बनाउन पढे-नपढेका थप नयाँ लेडिज, गृहिणी, महिला कर्मचारीहरूको आवश्यकता
- १००% कामको ग्यारेन्टी
- आफ्नै घरमा सामग्री लगेर फुर्सदको समयमा काम गर्न सकिने
- काम दक्षताको क्षमताको आधारमा मासिक ६/७ हजार भन्दा बढी कमाउन सकिने
9846708109, 9804102860
सिद्धार्थचोक पोखरा
साथमा निशुल्क गुडिया तालिम दिइन्छ ।

**तु-चाहियो**
नगरपालिकास्थित फ्रान्सेली बिजनेश Project को लागि थप कर्मचारी आवश्यकता।
साधारण: ५ जना
एस.एल.सी: +३ जना
+2 above: ५ जना
तलब: १५,०००देखि १९,००० सम्म
सम्पर्क: 9805821072, 9846057770, 9825121466
नोट: पहिला आउनेलाई जब ग्यारेन्टी ।
समय: ११ बजेदेखि ४:३० बजेसम्म

**तु आवश्यकता**
कुक- १ जना
हेल्पर- १ जना
डिसवासर-१ जना
वेटर (महिला)- १ जना
सम्पर्क : महेन्द्रपुल
9816691480

**मार्केटिङ आवश्यकता**
मोटरसाइकलको लाइसेन्स अनिवार्य
काम गर्ने समय : बिहान ७ बजेदेखि बेलुका ७ बजेसम्म
तलब : आकर्षक कमिसन वेशमा
संख्या : २ जना (पुरुष)
सम्पर्क : ९८५६०२२९३९
वि.डी. कलर हाउस
कुँडहरचोक, अमरसिंह

**तु आवश्यकता**
स्टोर किपर - १ जना (पुरुष)
खाना, खाजा र बस्नको सुविधा सहित
(धारा विजुलीसम्बन्धी सामान्य ज्ञान भएको)
सम्पर्क : कास्की मोर्डनाइज्ड एकेडेमी
पोखरा-१४, वि.पी. मार्ग
०६१-५३९००७, ९८५६०८१२९९

**तु आवश्यकता**
महिला /पुरुष
कुक, मार्केटिङ कुक हेल्पर, वेटर-१० जना
होटल, घर, अफिस, पसलमा-८ जना
फेन्सी, कस्मेटिक, क्याफे, कफिसप- ६ जना
म:म:, चाउमिन, फास्टफुड कुक-४ जना
NESCC महेन्द्रपुल
9806611862, 9808333128
नोट : आकर्षक तलब सुविधा सहित खान बस्नको व्यवस्था

**अर्जेन्ट चाहियो**
कार्यालयका लागि कर्मचारी आवश्यकता
साधारण - ३ जना
SEE - ५ जना
+2 above - ५ जना
तलब: १३,५०० देखि १९,५०० सम्म
अन्य: गाडिभाडा+ बोनस
सम्पर्क:
नयाँबजार 9846388326, 9815157802
न्यूरोड, नगरपालिका 9816622792
नोट: अर्जेन्ट परेकाले पहिला आउनेलाई प्राथमिकता ।

**तु आवश्यकता**
यस कम्पनीलाई निम्न कर्मचारी आवश्यकता ।
१) सह-मेनेजर महिला- १ जना
२) रिसेप्सनिष्ट महिला- १ जना
३) सेल्स डिपार्ट अफिसियल महिला/पुरुष-२ जना
४) मार्केटिङ महिला- १जना
अपरच्युनिटी इन्टरनेशनल प्रा.लि.
चिप्लेढुंगा-४, पोखरा
०६१-५३४०६३४, ९८२६१५६९११

**नयाँ अफिसको लागि**
साधारण लेखपढ-३ जना
SEE–५ जना
+2 above– ४ जना
सम्पर्क
9806646755, 9829114743
तलब : १४,५००-२०,००० सम्म
समय : ११ बजेदेखि ५ बजेसम्म
सुविधा: गाडीभाडा
नोट : अर्जेन्ट परेकोले पहिला आउनेलाई विशेष प्राथमिकता

**अर्जेन्ट चाहियो**
No Interview, Direct Job
साधारण लेखपढ : 3 जना
SLC : 4 जना
+2 aboe : 6 जना
तलब : १३५०० देखि १९५०० सम्म
सुविधा : दैनिक गाडी भाडा+ मासिक बोनस
सम्पर्क : 9816139404, 9819152574
(अनुभव नभएकालाई पनि प्राथमिकता)

**नयाँ अफिसको लागि**
स्वास्थ्य जनजागरण कार्यालयलाई निम्न कर्मचारी आवश्यकता ।
साधारण: ५ जना
SEE- 5
+2 above-6
तलब: १४५०० देखि १९,५०० सम्म
अन्य सुविधा: दैनिक गाडी भाडा, मासिक बोनस
9825126111, 9856032351
9825153028
नोट: अर्जेन्ट परेकाले पहिला आउनेलाई प्राथमिकता ।

**Wanted for Montessori**
Two (2) Female Grade Teacher Wanted for Renowned Montessori
Class : Playgroup (Toddlers) -1
Nursery- 1
Contact : 061-535948
Simalchour-8, Aalumaila Chowk

**रेष्टुरेन्ट बिक्रीमा**
१ रोपनी क्षेत्रफलमा रहेको ३ सटर २ क्याबिन र हल सहितको रेस्टुरेन्ट तु-बिक्रीमा फुलबारी ११
सम्पर्क नं: ९८५६०४८३९२
मूल्य रु. १५ लाख मात्र

**बाईक बिक्रीमा**
निलो कलरको २२० सिसि को १६ लटको पल्सर बाइक बिक्रीमा।
सम्पर्क: ९८१९१२०३४०, ९८१९१२९६६२

**तु आवश्यकता**
कुक- १ जना
बारिष्टा- १ जना
बारम्यान- १ जना
Fish Zone Cafe & Restro.
Khapaudi, Pokhara
Ph: 9856029163, 9816680515

**तु आवश्यकता**
एकाउन्टेन- १ जना
Tally Software चलाउन जान्ने
तलब तथा अन्य सुविधा : आपसी समझदारीमा
सवारी साधन भएकालाई विशेष प्राथमिकता
सम्पर्क : 9851042349, 061-527867

**फार्म बिक्रीमा**
अति व्यवस्थित, चालु अवस्थामा रहेको गाईभैंसी फार्म विशेष कारणबस बिक्रीमा छ ।
सम्पर्क: पोखरा–३०, ढुंगेपाटन
98151-21055, 98430-04543

**आवश्यकता**
पोखरा रानीपौवा स्थित एक रेष्टुरेन्टका लागि निम्न कर्मचारी आवश्यकता ।
कुक- १ जना
वेटर- १ जना
खान, बस्नको सुविधासहित
सम्पर्क: ९८४१०-२८६४४

**आवश्यकता**
न्यूरोड स्थित अति चालु अवस्थामा रहेको एक प्रतिष्ठित रेष्टुरेन्टका लागि
किचन हेल्पर- ३ जना
कुक- ४ जना (इन्डियन, नेपाली स्पेशल)
वेटर- ४ जना लेडिज/जेन्स
डिस वासर/क्लिनर- २ जना लेडिज/जेन्स
तलब: आपसी समझदारीमा
सम्पर्क: योर्स च्वाइन्स रेष्टुरेन्ट
Ph: 9840425955, 061-522003,
न्यूरोड, दीपसागरदेखि ७ घर तल

**अफिसको लागि**
संख्या : केही
योग्यता : Test, SEE, +2above
तलब : १४५००–१९५०० सम्म
समय : ११ देखि ५ बजेसम्म
सम्पर्क : 9816118765, 9806544029
नोट : केही साधारण लेखपढलाई पनि अवसर

**Rental Space For Rent**
Prime Rental Space for rent on the main road of Lake Side near Barahi Chowk. The space is around 600 square feet and fully finished. This place is suitable for shop and showroom and Trekking office.
**Please call 98560-41134 or 461466 for more details and to view.**

**रेष्टुरेन्ट बिक्रीमा**
पोखराको न्यूरोड, पूर्णिमा सिनेमा हलको आयोजित पोखरा इडमल जाने बाटोमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट बिदेश जानु परेकोले तु–बिक्रीमा छ ।
सम्पर्क: ९८६०७४७६६१, ९८२५१६९९२७, ०६१-५३८१५१

**कर्मचारी आवश्यकता**
फ्रेस हाउसमा मासु काट्न सक्ने जेन्स कर्मचारी आवश्यक परेको हुँदा इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
तलब : आपसी समझादारीमा
स्थान : लेकसाइड
१ वर्षको अनुभव भएको हुनुपर्ने
सम्पर्क : ९८५६०३५४६०, ९८५६०३५२८९

**घर जग्गा बिक्रीमा**
पोखरा वडा नं.-२, भैरबटोल चोकबाट अर्चलबोट हुँदै गुह्येश्वरी मार्गको पिच बाटो पश्चिम मोहडा भएको ११×४० को ४ कोठा, २ ट्वाइलेट भएको घर, घडेरी तुरुन्तै बिक्रीमा छ ।
सम्पर्क: ९८५६०२५६६८, ९८२४११३८८२

**फेन्सी पसल बिक्रीमा**
पोखराको चिप्लेढुंगा स्थित चालु अवस्थामा रहेको लेडिज फेन्सी पसल विशेष कारणवश तु बिक्रीमा छ।
सम्पर्क : ९८४६०५०२५५, ९८०६५४५००८

**तु आवश्यकता**
कुक- १ जना
हेल्पर- १ जना
वेटर- २ जना
तलब : आपसी समझदारीमा
सम्पर्क : श्रीनगर फेमिली रेष्टुरेण्ट
सृजनाचोक
९८५६०२५१९४

**रेष्टुरेण्ट बिक्रीमा**
- पोखरा चिप्लेढुंगा निभा गल्लीमा रहेको
- १००-१५० जना अटाउने क्षमता
- लाइभ म्युजिक स्पोर्ट बार चालउन मिल्ने
- ३००० वर्ग मिटरको ठाउँ भएको आदि
- सुविधा भएको रेष्टुरेण्ट विशेष कारणवश तु बिक्रीमा ।

*नोट : घर जग्गा, गाडीसँग पनि साटफेर गर्न सकिनेछ ।*
सम्पर्क : ९८५११२९९२२, ९८६८५७५२५५

**रेष्टुरेन्ट बिक्रीमा**
पोखरा - १५ रामबजारमा रहेको चालु अवस्थाको खाजाघर बिशेष कारणवस तु बिक्रीमा छ ।
सम्पर्क : 9817121716

**बिक्रीमा**
रेष्टुरेन्टको फर्निचर, फ्रिज, किचनको सामान सुपथ मूल्यमा साथै आलु चिप्स तथा दालमोठको मेसिन बिक्रीमा।
सम्पर्क : 9856024478 (भीम थापा)

**तु आवश्यकता**
चौधरी ग्रुप कम्पनीमा केही Sales Rep को तुरुन्त आवश्यकता परेकाले निम्न ठेगानामा सम्पर्क गर्नुहोला ।
साधन भएको र अनुभविलाई विशेष प्राथमिकता दिइनेछ ।
Basic Salary -16000 +Tada+Incentive
Contact : 9801919193, 9819189695

**संजय चाबी घर**
सम्पूर्ण किसिमका गाडी, VW, Breja, Skoda, Hundai आदिका गाडीको चाबी तथा रिमोट बनाउनु परेमा हामीलाई सम्झनुहोला । होम सर्भिसको पनि व्यवस्था छ ।
सम्पर्क : 9846042291, 9846361602, 061-521532
नम्बर सेभ गर्नुहोला आपतमा काम लाग्नेछ ।

**Offer! Offer!! Offer!!!**
- Basic, Diploma, accounting packeg, office package
- Autocad 2D/sketchup3D/ SAP2000

आउनुहोस विशेष छुटमा जागिर खानसक्ने भएर जानुहोस्।
**पोखरा कम्प्युटर इन्स्टिच्युट**
पृथ्वीचोक पोखरा (होटल तिरुपतिको अगाडी)
सम्पर्क: 061-533093, 9856034133, 9846299543

## नेकपा उम्मेदवार विद्या भन्छिन्

# पोखरेली सपना नै मेरा एजेन्डा




**समाधान संवाददाता**
पोखरा, ३० कात्तिक

राजनीतिमा चासो राख्ने सबैको ध्यान अहिले कास्की २ मा केन्द्रित छ । देशभर प्रतिनिधिसभाका लागि चुनाव हुने १ मात्र क्षेत्र कास्की २ का उम्मेदवारहरु चुनावी प्रचारमा व्यस्त छन् । कास्की २ मा नेकपा उम्मेदवार विद्या भट्टराई अधिकारीले शनिबार पोखरा ११ फूलबारी, काहुँ लगायतका क्षेत्रका मतदातालाई घरघरै पुगेर भेटिन् । घर भएका ठाउँमा पैदल र नभएका ठाउँमा गाडीमा हिडेकी विद्यालाई १ सय १० वर्षीय गौरी आचार्यले विजयको आशीर्वाद दिइन् ।

विद्याले बालबालिका, वृद्धवृद्धा, अपांग, दलित र विकासको मूल प्रवाहबाट पछि परेको समुदायलाई सशक्तीकरण गर्न अहिलेको सरकारले ऐन, कानुन निर्माण गरिरहेको बताइन् । उनले पोखरा ११ मा रहेको काहुँ घरहरा लगायतका पर्यटकीय क्षेत्रलाई देशविदेशमा चिनाउनु आफ्नो उद्देश्य रहेको सुनाइन् । पोखरा ११ का मतदातालाई उनले भनिन्, 'सुन्दर पोखरालाई विश्वभर चिनाउन र यहाँका पूर्वाधार निर्माण गरी अन्तर्राष्ट्रिय सहर बनाउने पोखरेलीको सपना छ । सबै पोखरेलीको सपना नै मेरो एजेन्डा हो ।'

उनले दुखद परिस्थितिका कारण शोकलाई शक्तिमा बदलेर जनतामा आएको उल्लेख गरिन् । उनले ५ वर्षका लागि जनमत पाए पनि बीचमै उपचुनाव गर्नुपर्ने अवस्थामा जनताले फेरि नेकपा, अहिलेको सरकार र आफूलाई सानदार रुपमा विजयी गराउने अपेक्षा गरिन् ।

नेकपा केन्द्रीय सदस्य एवं गण्डकी प्रदेश सहइन्चार्ज खगराज अधिकारीले उपनिर्वाचन जितेपछि विद्या मन्त्री बन्ने बताए । उनले भने, 'यो ३ वर्ष अन्य पार्टीले कसैलाई पनि मन्त्री बनाउन सक्दैनन्, नेकपाले मात्र सक्छ । यो क्षेत्रका सांसदलाई मन्त्री बनाएर समृद्धि ल्याउन योगदान गर्नुहोस् ।' उनले नेकपा नेतृत्वको सरकारले चीनबाट समुन्द्रसम्म ७ वटा नाका खोल्ने र भूपरिवेष्टित मुलुकबाट भूजडित मुलुकमा बनाउने ऐतिहासिक काम गरेको बताए ।

कार्यक्रममा नेकपा केन्द्रय सदस्यद्वय चूडामणि जंगली र श्रीनाथ बरालले परिवर्तनका लागि गरेको योगदान र सरकारमा हुँदा गरेका कामले नेकपा जनताको आशा र भरोसा भएको बताए । गोर्खा मेजर चन्द्रबहादुर पुनले यो सरकार आएपछि देशले विकासको लय समातेको बताए । उनले वृद्धवृद्धा, असहाय र अशक्तलाई आवश्यक नीति बनाउने पार्टी नेकपालाई जिताउन आग्रह गरे ।

**एजेन्डा बुझाउन पोखरा ३३ मा बुद्धिजीवी कमिटी**

पोखरा ३३ मा भएको बुद्धिजीवीको भेलाले निर्वाचन परिचालन कमिटी गठन गरेको छ । नेकपा केन्द्रीय सदस्य भीम कार्कीको प्रमुख आतिथ्यतामा भएको भेलाले यज्ञप्रसाद अधिकारीको संयोजकत्वमा ३३ सदस्यीय कमिटी बनाएको हो । कमिटी उपाध्यक्षमा तुलसीमणि अधिकारी, सचिवमा गिरिधारी अधिकारी, सहसचिवमा राजु पौडेल र कोषाध्यक्षमा पारशमणि पौडेल छन् । कमिटी मतदाताको घरघरसम्म पुगेर पार्टीका एजेन्डबारे जानकारी गराउनेछ ।

भेलालाई नेकपा उम्मेदवार विद्या भट्टराई अधिकारीले नीति निर्माण र विकास निर्माणको एकसाथ नेतृत्व गर्ने प्रतिवद्धता गरिन् । उनले नेकपाको पक्षमा देखिएको जनलहरका कारण विपक्षी आत्तिइसकेको दाबी गरिन् ।

**पट्नेरीमा घरदैलो**

नेकपाले शनिबार पोखरा १५ पट्नेरीमा घरदैलो र कोणसभा गरेको छ । कोणसभामा वडा नं १५ को निर्वाचन परिचालन कमान्डर बखानसिंह तमुले विकास र समृद्धिका लागि सूर्य चिह्नमै मतदाताले मतदान गर्ने बताए । यहाँ मुक्तिलाल गुरुङको संयोजकत्वमा ७४ सदस्यीय प्रचारप्रसार कमिटी गठन गरिएको छ । कार्यक्रममा नेकपा १५ अध्यक्ष भक्तबहादुर खत्री, पोखरा १५ का वडाध्यक्ष प्रकाश पौडेल, जिल्ला सदस्य बलराम पौडेल, गणेश पाख्रिन लगायतले बोलेका थिए ।

**विद्यालाई कांग्रेस नेता सोभियतबहादुरको शुभकामना**

पार्टी कार्यकर्ता, नेताको मात्र होइन, स्वतन्त्र मतदाता र विपक्षीको ध्यान पनि तान्न खप्पिस थिए रवीन्द्र अधिकारी । गत फागुनमा उनको निधनपछि उम्मेदवार बनेकी विद्या भट्टराईमा पनि यस्तै स्वभाव देखिएको छ । उनले यसअघिका निर्वाचनमा रवीन्द्रसँगै प्रतिस्पर्धा गरेका कांग्रेस नेता सोभियतबहादुर अधिकारीसँग भोट मागिन् । पोखरा ११ रानीपौवामा चुनावी प्रचारप्रसारमा खटिएकी विद्याले नेता अधिकारीसँग हात मिलाइन् । नेता शोभियतले भने, 'शुभकामना छ ।' मुस्कुराउँदै दुवै छुट्टिए ।

**८४ वर्षीया तारादेवी चुनावी प्रचारमा**

कम्युनिस्टले वृद्धवृद्धालाई मार्छ भन्ने भ्रम चिर्दै साविक एमालेको सरकारको पालामा वृद्धभत्ता दिने प्रचलन सुरु भयो । वृद्धलाई सामाजिक सुरक्षा दिने सुरुआत गरेको नेकपालाई पोखरा ११ मा ८४ वर्षीया तारादेवी गौतमले मत मागिन् । घरदैलोका क्रममा उनको घरमा पुगेको नेकपा प्रचार टोलीलाई शुभकामना र आशीर्वाद दिएपछि उनी नेकपाको झण्डा बोकेर चुनाव प्रचारप्रसारमा केही घर हिँडिन् ।

**विद्यालाई जिताउन टोल टोलमा प्रचार समिति**

पोखरा ४ शनिबार भएको भेलाले बुद्धिजीवीको तर्फबाट चुनाव प्रचारप्रचार प्रसार गर्न दुर्गादत्त भण्डारीको संयोजकत्वमा १६ सदस्यीय समिति गठन गरेको छ । समितिको सहसंयोजकमा रामचन्द्र पहारी र नारायण अधिकारी, सदस्यमा गीता पौडेल, नवराज बास्तोला, रञ्जन शर्मा पराजुली, निदेश कोइराला, टोपबहादुर थापा, रामजी न्यौपाने, माधवप्रसाद सुवेदी, डा. खेमराज भट्ट, नवराज पौडेल, मानबहादुर केसी, दिलकुमारी पौडेल, शान्ति थापा, महेन्द्र आले, सत्यराज सुवेदी र शिवकुमारी आधिकारी छन् । डा. कृष्णराज अधिकारीको संयोजकत्वमा ५ सदस्यीय सल्लाहकार समिति पनि गठन भएको वडा नम्बर ४ का इन्चार्ज दामोदर बैरागीले जानकारी दिए ।

यता, बुद्धिजीवी संघसंस्था पेसागत समन्वय उपसमिति भलामको भेलाले रवीन्द्रका अधुरा योजना पूरा गर्नका लागि विद्यालाई जिताउनुको विकल्प नभएको निष्कर्ष निकालेको छ । विद्याले पेशागत संगठनमा खेलेको भूमिका, पार्टी संगठनमा रहेर खेलेको भूमिकालाई मूल्यांकन गरेरै उम्मेदवार बनाएकाले सबै मिलेर जिताउन आग्रह गरेको प्राडा कृष्ण केसीले जानकारी दिए । भेलामा नेकपाका नेताहरु दामोदर बैरागी, विश्वप्रकाश लामिछाने लगायत सहभागी थिए । तनहुँबाट पोखरा आई बसोबास गरेकाको पोखरामा भएको भेलाले भीम गुरुङको संयोजकत्वमा १३ सदस्सीय उपनिर्वाचन सहयोग समिति गठन गरेको छ । कार्यक्रममा नेकपा गण्डकी प्रदेश अध्यक्ष हितराज पाण्डे (उत्तम) ले नेकपाका उम्मेदवारलाई जिताउन सबैले भूमिका खेल्नुपर्नेमा जोड दिए । भेलामा नेकपा तनहुँ अध्यक्ष केदार सिग्देल र श्रीकान्त खतिवडाले परिवर्तन र समृद्धिको साधक नेकपालाई जिताउन आग्रह गरे ।

**'मलाई पाल्ने छोरी विद्या हुन्'**

नेकपाको अभियान पोखरा ८ मा पनि जारी छ । पोखरा ८ की यराधादेवी चालिसले शुक्रबार टोलमा पुगेकी विद्यालाई शुभकामनासहित भोट पनि अरुलाई पनि नेकपालाई मत दिन आग्रह गरिन् । उनले भनिन्, 'मलाई पाल्ने यही छोरी हो । रवीन्द्र सपना पूरा गर्न र देशको मुहार फेर्न विद्यालाई भोट दिऊँ ।'

वडाभित्र टोल कमिटी गठन गरी उम्मेदवारभन्दा पहिला कार्यकर्तालाई मतदाताका घर पुऱ्याउने र त्यसपछि उम्मेदवारसहित घरदैलो गर्ने रणनीतिसहित नेकपा पोखरा ८ जुटेको यहाँको चुनावी कमान्ड समालेका नेकपा केन्द्रीय सदस्य शारदाप्रसाद सुवेदीले बताए । आइतबार उम्मेदवारसहित पोखरा ८ मा आयोजना हुने उनले बताए । आइतबार बिहान डेढ घन्टा घरदैलो र त्यसपछि चालिसेचोकमा र साँझ ४ बजे बगालेटोलमा कोणसभा गरिने सुवेदीले जानकारी दिए ।

# संसदीय पत्रकारको सभा

**समाधान संवाददाता**
पोखरा, ३० कात्तिक




संसदीय पत्रकार मञ्च गण्डकीको प्रथम वार्षिक साधारणसभा शनिबार पोखरामा भएको छ । कार्यक्रम उद्घाटनपछि गण्डकी प्रदेशका सभामुख नेत्रनाथ अधिकारीले पत्रकारले वस्तुवादी र तथ्यपरक लेख्नुपर्नेमा जोड दिए । लेख्ने कुरामा डराउन नहुने तर त्यो सत्य र वास्तविक हुनुपर्ने उनको भनाइ थियो ।

उनले संसदीय सूचनामा कुनै कमी नहुने बताए । 'संसदीय मामिलाका कुनै पनि गतिविधि गोप्य हुँदैनन्, सबै सूचना लिन कुनै कठिनाइ छैन । तपाईंहरुको सूचना वस्तुवादी होस्, सम्प्रेषण एकदम यथार्थपरक, तथ्यपरक र अनुसन्धानमूलक होस्,' उनले भने । तर, गण्डकी प्रदेशसभाको संरचना भने मिडियामैत्री नरहेको उनले स्वीकारे ।


'व्यवस्थापकीय हिसाबले हाम्रो प्रदेशसभा सबै संरचनामा पूर्ण छ भन्ने होइन, हामीले अन्य प्रदेशको पनि अवलोकन गर्‍यौं । धेरै कुरामा हाम्रो प्रदेश सक्षम छैन, पत्रकारहरुको माग, समस्या गुनासो छ । सबै दिन सकेका छैनौं । यसमा हिनताबोध पनि लाग्छ,' अधिकारीले भने ।

संसदीय पत्रकारितामा क्रियाशील सञ्चारकर्मीलाई व्यवस्थित रुपमा समाचार संकलन गर्ने वातावरण निर्माणका साथै क्षमता अभिवृद्धि लगायतका विषयमा गण्डकी प्रदेश सभाका तर्फबाट सक्दो सहयोग गर्ने उने प्रतिबद्धता व्यक्त गरे ।

नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष दीपेन्द्र श्रेष्ठले पत्रकारको हक हितका साथै क्षमता अभिवृद्धि लगायतमा महासंघ क्रियाशील बन्ने र सहकार्य गर्न तयार रहेको बताए । संसदीय पत्रकार मञ्चका अध्यक्ष लालप्रसाद शर्माले गण्डकी प्रदेशमा संसदीय समाचार संकलनलाई प्रभावकारी बनाउने लक्ष्यका साथ मञ्च गठन भएको बताउँदै एक वर्षको अवधिमा क्षमता अभिवृद्धि तालिम, विभिन्न साक्षात्कार, प्रदेश नं ३, २ र १ को अवलोकन भ्रमण लगायतका काम गरिएको जानकारी दिए । पत्रकार महासंघ गण्डकीका सचिव इन्द्र पौडेलले भौतिक असुविधाका कारण संसदका समाचार संकलनमा समस्या रहेको भनाइ राखे । सञ्चारिका समूह गण्डकी अध्यक्ष स्मीता अधिकारीले अझै पनि समाचार संकलनमा पत्रकारलाई समस्या रहेको भनाइ राखिन् । प्रेस युनियन कास्की अध्यक्ष नवीन सिग्देलले पोखरामा बिट पत्रकारिता अभ्यास भए पनि जनशक्ति पर्याप्त नहुँदा समस्या रहेको बताए ।

मञ्च उपाध्यक्ष भरत कोइरालाले संसदीय मामिलामा कलम चलाउने पत्रकारका लागि क्षमता अभिवृद्धिमा जोड दिए । प्रदेश सभा सचिवालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयले यसमा विशेष ध्यान दिन उनले आग्रह गरे ।

साधारण सभाले सचिव विशन क्षेत्रीले प्रस्तुत गरेको वार्षिक प्रतिविदेन र कोषाध्यक्ष रोहितराज पराजुलीले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन सर्वसम्मत पारित गरेको छ । त्यस्तै, साधारणसभाले संसदीय पत्रकार मञ्चको सदस्यताका लागि केशवशरण लामिछानेको संयोजकत्वमा ३ सदस्यीय समिति गठन गरेको छ । समिति सदस्य सचिवमा विशन क्षेत्री र सदस्य वासुदेव पौडेल छन् ।



# साझाकी रजनी घरदैलोमै



**समाधान संवाददाता**
पोखरा, ३० कात्तिक

साझा पार्टीले मंसिर १४ गते हुने उपनिर्वाचनका लागि घरदैलो कार्यक्रमलाई तीव्र बनाएको छ । प्रतिनिधिसभा सदस्यका लागि हुन लागेको उपनिर्वाचनका लागि पार्टीले घरदैलो र कोणसभा गरिरहेको छ । पार्टीका तर्फबाट उम्मेदवार रहेकी रजनी केसीसहितको टोली घरदैलो कार्यक्रममा सक्रिय बनेको हो । पार्टीले पोखरा १७ बिरौटामा शुक्रबार र पोखरा २० भलाममा शनिबार घरदैलो गरेको छ ।

घरदैलोपछि पार्टीले शुक्रबार साँझ बिरौटा चोकमा कोणसभा गरेको थियो । कोणसभामा उम्मेदवार केसीले साझा पार्टी भ्रष्टाचारमुक्त नेपाल बनाउने अभियानमा लागिपरेका र युवालाई नेतृत्व तहसम्म पुऱ्याउन प्रयासरत रहेको बताइन् । उनले सदनसम्म जनताको आवाज पुऱ्याउने बताउँदै जनताका समस्या समाधान गर्ने नीतिअनुसार पार्टी अगाडि बढेको जानकारी दिइन् ।

'देशमा भ्रष्टाचार व्याप्त छ, साझा पार्टी अहिले भ्रष्टाचारमुक्त नेपाल बनाउने अभियानमा छ,' उनले भनिन्, 'अब पनि चुप लागेर बसे यो देश कुन बेला बेचिने हो थाहा छैन ।' भारतको नयाँ नक्सामा नेपाली भूमि समेटिँदा पनि अहिलेसम्म सरकार मुकदर्शक बनेको भन्दै उनले आपत्ति जनाइन् ।

कोणसभालाई सम्बोधन गर्दै पार्टीका कास्की जिल्ला संयोजक अर्जुनप्रसाद खनालले उपनिर्वाचनमार्फत कास्कीलाई वैकल्पिक शक्तिको आन्दोलनको केन्द्र बनाउन सकिने बताए । 'आगामी उपनिर्वाचनमा तराजुमा मत दिएर वैकल्पिक शक्तिको केन्द्र बनाउने अवसर कास्कीलाई प्राप्त भएको छ,' उनले भने, '१ पटक साझालाई अवसर दिएर हेर्नुस, भ्रष्टाचारविरुद्ध समाज हामीले नै स्थापना गर्नुछ ।'

कोणसभाको संचालन साझा युवा संघका महासचिव सरोज गौतमले गरेका थिए । शनिबार पोखरा २० भलाममा घरदैलो कार्यक्रम गरिने पार्टीले जनाएको छ ।


**Nepal Red Cross Society**
Kaski District Chapter
Pokhara-8, Srijanachowk

**Invitation for Bids No: NRCS/Kaski/NCB/Works/01/076/77**

*Date of Publication: 2076/08/01 B.S.*

1. The Nepal Red Cross Society, Kaski District Chapter (NRCS, Kaski), Pokhara-8, Srijanachowk invites electronic bids from eligible bidders for following works. Only eligible bidders with the following key qualifications should participate in this bidding.

| SN | Contract No. | Description of Works | Specific Nature of Similar Work Experience | Annual Average Turnover (NRs.) | Construction Experience in Key Activities | Bid Security Amount (NRs.) | Cost of Bidding Document (NRs.) | Last Date of Bid Purchase And Time | Last Date of Bid Submission And Time |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NRCS/Kaski/NCB/ Works/01/076/77 | Construction of Blood Bank with Office Building for Nepal Red Cross Society, Pokhara | at least one building work with a value of NRs. 58600000.00 in a single contract. | 44000000 | i. RCC Work in building : 640 cum<br>ii. Brick Work : 270 cum<br>iii. Steel Reinforcement work: 102920 kg | 2000000 | 5,000 | 30th day of publication of bid notice within office hours. (**2076/08/30B.S.**) | 31st day of publication of bid notice within 12:00 hours. (**2076/09/01B.S.**) |

Maximum number of JV Partners shall be three only, compliance requirement for each partner of JV=25% of the requirement, compliance requirement for the lead partner of JV=40% of the requirement.

2. Eligible Bidders may obtain further information from the office of **Nepal Red Cross Society, Kaski District Chapter**, Pokhara-8, Srijanachowk or may visit PPMO's web portal **www.bolpatra.gov.np/egp.**
3. Bidder may download the bidding documents for e-submission from PPMO's web portal www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's account as specified below and the scanned copy (PDF format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Machhapuchchhre Bank Ltd, Pokhara
Name of Office: Nepal Red Cross Society, Kaski District Chapter, Pokhara-8, Srijanachowk
Account Name: NRCS, Kaski
Account No.: 1101524008188196
4. Pre-bid meeting shall be held at Nepal Red Cross Society, Kaski District Chapter on the 19th day from the day of notice publication ***(i.e., 2076/08/19 B.S.) at 13:00 hours***.
5. Electronic bids must be submitted to the office Nepal Red Cross Society, Kaski District Chapter, Pokhara-8, Srijanachowk through PPMO's web portal **www.bolpatra.gov.np/egp** on or before ***12:00 hours*** of 31st day of notice publication ***(i.e., 2076/09/01 B.S.)***. Bids received after this deadline will be rejected.
The Technical bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 hours*** on 31st day of notice publication ***(i.e., 2076/09/01 B.S.)*** at the office of ***Nepal Red Cross Society, Kaski District Chapter***, Pokhara-8, Srijanachowk. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in PDF format in case of e-bid, amounting to a minimum of **as specified above** which shall be valid for 150 days (30 days beyond the validity period of the bid) from the last date of bid submission.
6. Other mandatory information as per Public Procurement Act 2063 (Amended) and Public Procurement Regulation 2064 (Amended).
7. Employer Name& Address:
***Nepal Red Cross Society, Kaski District Chapter***
***Location*** : Pokhara-8, Srijanachowk
***Attention*** : ***Secretary***
***Telephone*** : ***061-521762/520811***
***Email*** : ***nrcskaski@gmail.com***

## सम्पादकीय

# नेतृत्वलाई नैतिकताको प्रश्न

निर्वाचन नजिकिँदै गर्दा नेता/कार्यकर्ता सर्वसाधारणको घरदैलोमा पुग्छन् । खेतबारीमा पुगेर खेती थन्क्याउनेदेखि गाईभैंसी दुहेका अनि ज्येष्ठ नागरिकहरुबाट आशीर्वाद लिएका तस्बिर सामाजिक सञ्जालमा देख्न पाइन्छ । मत माग्न आउनेसँग आक्रोश व्यक्त गर्ने कमै हुन्छन् । धेरैले आशा व्यक्त गर्छन् । यसो गरिदिए हुन्थ्यो, उसो गरिदिए हुन्थ्यो भनेर । अनि आँगनबाट टोली बाहिरिन नपाउँदै खासखुस सुरु हुन्छ, आखिर जुन जोगी आए पनि कानै चिरेका भनेर । अर्थात् चुनावका बेलामा गरेका प्रतिबद्धता ९० प्रतिशतजति पूरा हुँदैनन् । केबल मत तान्नका लागि फालिएको तुरुप मात्र हो । वास्तवममा भन्ने हो भने चुनावका बेला अब यो घरदैलो गर्दै पूरा नहुने आश्वासन बाँढ्न रोके पनि हुने हो । त्यसो त चुनावका बेला पहिला अवलम्बन गरिने कतिपय तरिकाहरु अहिले फेरिएका छन् । घर र सार्वजनिक ठाउँमा इनामेलले लेख्ने, पर्चा पम्प्लेट टाँस्ने मात्र नभएर टोपी लगायत कपडामा चुनाव चिह्न अंकित गरेर बाँड्ने कामलाई निर्वाचन आयोगले निरुत्साहित पारेको छ । तर पनि चुनाव प्रचार अझै सिष्ट हुन सकेको छैन । होहल्ला गर्ने, चर्को माइक बजाएर अहिले नै विजयी भएको हो कि झैं गर्ने पाराले पनि नागरिक आजित भएका छन् ।

अनि अर्को यक्ष सवाल हो, राजनीतिकर्मीको नैतिकताको सवाल । दलका उम्मेदवार र सांसदलाई चुनावमा आफैंले गरेको प्रतिबद्धता बिर्सिएर, भ्रष्टाचारमा लिप्त भए अनि अनैतिक भए भन्ने आरोप लाग्ने गरेको छ । यो धेरै हदसम्म सही पनि हो । पदमा नपुग्दासम्म नैतिकता र आचरणको कुरा गर्नेहरु नै पद पाएपछि अनियमितमा डुबेको देख्दै र सुन्दै आएको हो । कास्की क्षेत्र नम्बर २ मा मंसिर १४ गते हुने उपनिर्वाचनको सन्दर्भमा नेपाल पत्रकार महासंघले २९ पुसमा उम्मेदवारसँग सम्वाद कार्यक्रम गर्‍यो । कार्यक्रममा सहभागी ४ दलका उम्मेदवारको प्रतिबद्धता थियो । 'भ्रष्टाचार गर्दैनौं, प्रतिबद्धता भुल्दैनौं र निस्कलंक बन्नेछौं ।' हो, नेकपाका विद्या भट्टराई, कांग्रेसका खेमराज पौडेल, समाजवादीका धर्मराज गुरुङ अनि साझा पार्टीका रजनी केसीले जुन रुपमा प्रतिबद्धता जनाए जीतपछि पनि सोही अनुसार काम गरिदिए मुलुक पक्कै पनि समृद्धिको पथमा पुग्ने थियो ।

तर भइदियो के भने, आफ्नो आङको भैंसी नदेख्ने अनि अर्काको आङको जुम्रा पनि देख्ने प्रवृत्ति समृद्धिको वाधक बनेको छ । हो, नेताहरु चुनावका बेलामा सपना बाँड्छन् । यसले गर्दा भएन, उसले गर्दा भएन भनेर आरोप प्रत्यारोप गर्छन् । अनि अधिकांश समय शासन व्यवस्थालाई गाली गर्छन् । शासन व्यवस्थाकै कारण समृद्धि रोकिएको सहजै व्यक्त गर्छन् । नेता र नेतृत्वका कारण समृद्धि रोकिएको हो कि शासन व्यवस्था वाधक बनेको अब समीक्षा गर्नुपर्ने बेला आएको छ । किन भने अहिले मुलुकमा संघीयता कार्यान्वयनमा आएको छ । ३ तहका सरकार छन् । सानातिना विषयमा केन्द्रकै मुख मात्र ताकेर बस्नुपर्ने अवस्था अब छैन । अब पनि नेताहरु आपसमा दोष लगाएर पन्छिन खोजे पनि उनीहरुलाई समयले माफी दिने छैन । यो बेला झुटा आश्वासन बाँड्ने होइन कि मुलुकको आवश्यकता महसुस गरी त्यसै अनुरुपको नीति निर्माण गरी अगाडि बढ्नुको विकल्प छैन ।

# नेपालीको सीमित राष्ट्रवाद



**हेमन्त पहारी**

**अहिले फेरि पनि लिपुलेकको अतिक्रमणबारे विवादमा आएको छ । तर यो आजको मात्र कुरा होइन सधैं को हो**

बेलायतले आफ्नो सुविधाको आधारमा विभिन्न बेलामा सीमा रेखा प्रकार्षित गर्यो दुश्मनलाई भारतको कब्जामा नपरोस् भनेर । दशकौं पछि प्रधानमन्त्री मोदी स्वतन्त्रतादेखि भन्दा पनि बाँकी रहेको समस्या समाधानको लागि व्यावहारिक दृष्टिकोण ल्याउन कोसिस गर्दै छन् । ठूलो राजनीति र निर्णयकर्ता देखाउँदै मोदी सरकारले भारतको नयाँ नक्सा निकालेको छ । भारतको नयाँ राजनीतिक नक्साले नेपालमा विवाद खडा गरेको छ, जसमा नयाँ दिल्ली र काठमाडौं दुवैले आफ्नो देशको क्षेत्रको १ भागको रूपमा कलापानी भनेर चिनिने क्षेत्रलाई दावी गरेका छन् । विभिन्न दलका विद्यार्थी संगठनले राजधानी काठमाडौं लगायत देशका अन्य भागमा विरोध प्रदर्शन गरेर भारतले नेपाली भूमिमा कब्जा गरेको आरोप लगाए । दुवै देश सहमत छन् कि यी इतिहासको पैतृक हुन् । छोटो अवधिमा समाधान गर्न सकिँदैन र भविष्यका लागि उत्तम छोडिन्छ ।



भारतमा शासन गरेको इष्ट इन्डिया कम्पनीद्वारा सन् १८२७ फेब्रुअरी १ मा प्रकाशित गडवाल कुमाउको नक्सामा प्रष्ट रुपमा काली (महाकाली) नदीको उद्गमस्थल लिम्पियाधुरा देखाइएको छ । बेलायतबाट सन् १८३० मा प्रकाशित भएको अर्को नक्सा, १८४६ फेब्रुअरी १६ मा लन्डनबाटै प्रकाशित नक्सालगायत त्यस बेलाका सम्पूर्ण दस्तावेजमा काली नदीको मुहान लिम्पियाधुरा भएको उल्लेख छ ।

सन् १८६० मा प्रत्यावर्तन सन्धि हुनु अगावै १८५६ मा 'सर्भे अफ इन्डिया' बाट प्रकाशित र अंग्रेजले समेत आधिकारिक मानेको नक्सामा पनि लिम्पियाधुराबाट बग्ने नदीलाई काली नदी मानेको पाइन्छ । यसै नक्सालाई जंगबहादुर राणाको पालादेखि नेपालले आधिकारिक मान्दै आएको छ । प्रतिकूल भौगोलिक र मौसमको अवस्था, र एसियाको सबैभन्दा ठूलो अर्थतन्त्रको बीचमा तनावको बावजुद, नेपाली भूमिमा सेनाले मित्रता देखाउन सक्षम छ । तर जुन द्वन्द्वमा फस्न सक्ने खतरा छ । ३ दशकदेखि दुवै देश सीमा विवादको बारेमा छलफल गर्न भेला हुँदै आएका छन् । तर अहिलेसम्म दुवै पक्षले विगतलाई बिर्सनु पर्दैन भन्ने चाहना देख्यौं । यो किनभने २ प्रतिस्पर्धीको क्षेत्रीय दावी दुवै देशमा जनताले आन्तरिकीकरण गरेका छन् । २ देश कट्टर राष्ट्रवादको घेरामा छन् । यस प्रकारको जटिल विवादको समाधानका लागि अत्यन्त महत्वपूर्ण बनाउँछ ।

नेपालको उत्तरी सीमाका १८ ठाउँमा राखिएका भारतीय सैन्य चेकपोस्ट २०२६ सालमा हटाइँदा राजा महेन्द्रले कालापानीको चौकी भने रहन दिएका रहेछन् । पछि गएर यस मामलालाई २०५१ सालपछि लिपुलेक र कालापानी अतिक्रमण बारे दार्चुलाका नेता प्रेमसिंह धामीले यस विषयलाई निकाले । अखिलको विद्यार्थी टोलीले त त्यहाँ गएर खुकुरी नचाउँदै उग्र राष्ट्रवाद प्रदर्शन गरे । तर शासकले यस कुरालाई कहिल्यै जोड्नु चाहेन । होहल्ला गरेर सडक तताएर वा सत्ता खोसिएला भन्ने डरले काम हुँदैन । त्यस घटनाबाट सावित भएको छ ।

२०५४ सालमा महाकाली सन्धिलाई प्रतिनिधिसभाबाट अनुमोदन गरिँदा यस विवाद लाई टुंग्याउने कुरा आएको थियो । तर यो पछि गएर नाटक मात्र बन्यो । पछि फेरी यही कुरा भारत-चीन व्यापारिक सन्धि २०७२ जेठ १ गते बेइजिङमा ४१ बुँदा सन्धिको २८ औं बुँदामा लिपुलेकलाई नाकाको रुपमा प्रयोग गरिने सहमति भयो । त्यस सहमतिमा नेपाललाई फेरी पनि आफ्नो भूमि प्रयोग गर्न सोधपुछ भएन त ! भूमि हाम्रो सम्झौता अरुको !

नदीको सीमाना र विवादमा विवाद, चाहे यो पुरानो मार्गमा लिनुपर्छ वा नयाँ च्यानल । कृषि भूमि, वन क्षेत्र र गाउँ क्षेत्रमा सीमा रेखाको सीमांकनको बारेमा विवाद, जहाँ स्पष्ट सरकारको नियन्त्रण हुँदैन र नेतृत्वतर्फबाट राजनीतिक तथा कूटनीति पहल हुन सक्दैन । यस किसिमको सिमाना अतिक्रमण हुन्छ जुन नारा र पत्रिकामा मात्र सीमित हुन्छ । खुल्ला सीमाले ती आतंककारीलाई सुरक्षित बाटोको रूपमा प्रदान गरेको छ ।

भारतले नेपाललाई दोष लगाउँदै आएको छ कि पाकिस्तानी आइएसआई एजेन्ट नेपाली भूभाग मार्फत भारतमा घुसपैठ गरिरहेका छन् । अहिले फेरि पनि लिपुलेकको अतिक्रमण बारे विवादमा आएको छ । तर यो आजको मात्र कुरा होइन सधैं को हो । भारतले यस क्षेत्र पहिलैदेखि आफनो सुरक्षा कोखातिर प्रयोग गर्न थालेको थियो । तर अहिले भारतको नँया राजनीतिक नक्सामा नै त्यस क्षेत्रलाई राखेको छ । नक्सा जसले जुन बेला जे सुकै बनाए पनि स्थलगत कुरा हो प्रमूख ।

कालीपानी लिपूलेक र लिम्पियाधूरामा भारतीय सेनाले गस्ति गर्छन् । नक्साको कुरा त भर्खरै चलेको मात्र हो । यहाँ नक्सा मात्र होइन, स्थलगत समाधान गर्ने हो । हालै कालापानीमा भारतीय सेनाले कालापानी क्षेत्रलाई चिनियाँ गतिविधि हेर्न र लिपुलेक दर्रामा चिनियाँ सेनाको आक्रमण र घुसपैठ रोक्नको लागि रणनीतिक बिन्दुको रुपमा न्याय गरे । अहिले बन्दुक सहित ८ भन्दा बढी भवन निर्माण गरिएको छ । आधुनिक हतियार, गोली र उपग्रह सञ्चारका साधन सहित भारतीय सेनाका जवानको बटालियन तैनाथ गरिएको छ ।

आज यो जमानी वास्तविकता हो कि भारत र नेपालले सीमा क्षेत्रीय मुद्दाको रूप लिएको छ । जसद्वारा दुवै राष्ट्रको चासो आर्थिक र व्यापारिक दृष्टिकोणबाट परस्पर निर्भर छ । त्यसैले पनि २ राष्ट्रको एकसाथ आउन आवश्यक छ । नेपाल र भारत दुवै देशले एकअर्काको साथ सीमा विवाद सुल्झाउने र क्षेत्रीय शान्ति र समृद्धि ल्याउन जरुरी छ । सुगौली सन्धि यताका नेपालको कुनै पनि भूमि राणाले फिर्ता लिएको नयाँ मुलुक समेतमा कुनै हेरफेर भएको छैन । प्राविधिक, कुटनैतिक, ऐतिहासिक र अत्याधुनिक प्रविधिको प्रयोग गरेर भारतसँग टेबुलमा वार्ता गर्न सक्ने विज्ञको टोली बनाएर समस्या समाधान गर्न सकिन्छ ।

# नसर्ने रोगको भयावह



**खिम लामिछाने काजी**

**नसर्ने रोगको बढ्दो दरलाई नियन्त्रण तथा कमी ल्याउन सार्वजनिकस्थलमा मध्यपान, धुमपान तथा सुर्तीजन्य पदार्थ बेचबिखनमा बन्देज लगाइनुपर्छ**

समाजमा नसर्ने रोगका बिरामी धेरै भएता पनि कमै मात्रले रोग पत्ता लगाएर उपचार गराइरहेको पाइन्छ । साधारणतया भाइरस, ब्याक्टेरिया, फंगस, प्रोटोजोवालगायत जीवाणु तथा किटाणुको संक्रमणद्वारा एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने रोगलाई सरुवा रोग भनिन्छ भने १ व्यक्तिबाट अर्को व्यक्तिमा जीवाणु तथा किटाणुको माध्यमबाट नसर्ने तर विभिन्न जोखिम तत्वले उत्पन्ने हुने रोगलाई नसर्ने रोग भनिन्छ ।

जनचेतनाको अभाव तथा कतिपय अवस्थामा स्वास्थ्य सेवाको पहुँच नपुग्दा नसर्ने रोग लागेको कुरा थाहा नपाई अकालमा ज्यान गुमाउनु परेको छ । नसर्ने रोगले बिस्तारै असर देखाउने हुँदा सानो तिनो लक्षणलाई बेवास्ता गर्दै जाँदा रोगले झ्याप्पै ज्यान लिने गरेको देखिन्छ । नसर्ने रोग पार्किन्सन, उच्च रक्तचाप, दीर्घकालिन मृगौला सम्बन्धी रोग, हाड सम्बन्धी रोग आँखा सम्बधी रोग, विभिन्न मानसिक रोग । तर मुख्य गरी नसर्ने रोगमध्ये मुटु सम्बधी रोग, श्वासप्रश्वास सम्बन्धी रोग, हृदयघात, मस्तिष्कघात, मधुमेह, दम, सिओपिडी र क्यान्सरलाई खतराजन्य नसर्ने रोगको रुपमा राखिएको छ ।

नेपालमा नसर्ने रोग पहिलेको तुलनामा अहिले दिन प्रतिदिन बढिरहेको छ । यसको जोखिम तथा प्रकोप दक्षिण पूर्व एसिया तथा गरिबी मुलुकमा बढ्दो दरमा पाइन्छ । नसर्ने रोग सुरु मै पत्ता लगाउन सकियो भने व्यवस्थापन तथा उपचार पश्यात अकालमा ज्यान गुम्नबाट बँच्न सक्छ । विश्व स्वास्थ्य संगठनका अनुसार ८० प्रतिशत नसर्ने रोग मध्यपान गर्ने, अस्वस्थ्यकर खाना र नियमित शारिरिक व्यायाम नगर्ने कारणले लाग्ने गर्छ ।

समाजमा नसर्ने रोगका जोखिमलाई विज्ञापन गरेर सर्वसाधारणलाई लक्षित गरी प्रचारप्रसार गरिएको पाइन्छ । जस्तै पेय पदार्थ, जंक फुड, फास्टफुड, अखाद्य वस्तु मिसावट गरिएको खानेकुरा, धुम्रपान, मध्यपान आदि । तर यसको विपरित नसर्ने रोगको उपचार र रोकथामको लागि भने राज्य तथा समाजले ध्यान दिएको पाइँदैन । जनचेतनाको कमी तथा प्रभाकारितामा कमी आएर होला, धुम्रपान तथा मध्यपान गर्न हुँदैन भन्ने थाहा हुँदाहुँदै पनि प्रयोग गर्नेको संख्या उच्च छ । राज्यले रोगबारे जनचेतना जगाउने र रोकथामको लागि गरिने कार्यमा गरेको लगानी तथा खर्च हेर्दा तत्काल खर्च देखिने भएता पनि त्यो अनावश्यक खर्च भएको हुँदैन । जनचेतना र रोकथामका उपायबाट रोगीको संख्यामा कमी आउँछ । बिरामीको उपचारमा गरिने खर्च कम हुँदै जान्छ ।

नेपालमा कुल मृत्युको कारण मध्य ३० प्रतिशतको मृत्यु मुटु तथा रक्तनलीका रोगबाट हुने गर्छ । स्टेप सेर्वे अनुसार २१ प्रतिशत महिला र ३१ प्रतिशत पुरुषमा उच्च रक्तचाप पाइएको थियो । त्यसैगरी नेपालमा कुल मृत्युको ४ प्रतिशत मधुमेहले हुने गर्छ । २००३ देखि २०१२ सम्मको तथ्यांक हेर्दा फोक्सोसँग सम्बन्धी क्यान्सर १४.५ प्रतिशत, पाठेघरको मुखमाहुने क्यान्सर १२.२ प्रतिशत र स्तन क्यान्सर ८.४ प्रतिशत रहेको पाहिएको थियो । नेपालमाकुल मृत्युको १० प्रतिशत मृत्यु दीर्घकालिन श्वासप्रश्वास सम्बन्धी रोग सिओपिडीले गर्ने गर्छ । यनसिडि २०१८ का अनुसार हरेक वर्ष संसारभर ७१ प्रतिशत मृत्यु नसर्ने रोगबाट हुने गर्छन् । विकासउन्मुख देशका ३० देखि ६९ वर्ष उमेर समुहका ८५ प्रतिशत व्यक्ति नसर्ने रोगको कारणले मर्ने गर्छन् ।

हाम्रो समाजमा नसर्ने रोग नलागेसम्म रोकथामको अबलम्बन गरिँदैन । जब उच्च रक्तचाप, मुटु रोग, मधुमेह जस्ता रोगले गाल्न थाल्छ, तब निर्मुल पार्न उपाय खोज्दै हिँड्न थाल्छन् । तर क्यान्सर जस्तो नसर्ने रोगमा भने धेरै नै ढिला भइसकेको हुन्छ । अझ चुरोट तथा मध्यपान पिउने लाल बुझक्कडलाई धुम्रपान तथा मध्यपान त्याग्न सल्लाह दिनुपर्छ, रिसाएर उनीहरु नै ठूला पल्टिन्छन् । यो हाम्रो समाजको स्वास्थ्यप्रति चेतनाको स्थर कति छ भन्ने कुराको यथार्थ चित्रण हो । हामी सबैले बुझ्नु पर्ने सरल तर जटिल विषय हो यो । किनकी यिनै साथीको देखासिकी गरेर आज हरेक स्कुलका विद्यार्थी हातमा चुरोट तथा खैनीको कुलतमा फस्दै छन् । यो पंतिकार धेरै पटक स्कुल, कलेजको नजिकै रहेको चियापसलमा गएर नियाल्ने गरेको छ । स्कुलका विद्यार्थीले के के नै ठूलो पुरुषार्थ गरेझैं गरेर चुरोट सल्काउँदै जीवनलाई धुवामा उडाइरहेका छन् । तर त्यसमा उनीहरुलाई पश्चाताप छैन । यो सबैको कारण उचित जनचेतनाको अभाव र आफू भन्दा ठूलाको देखासिकी नै हो ।

सयुक्त राष्ट्र संघले दिएको २०३० सम्म हासिल गर्नेपर्ने दिगो विकासको लक्ष्यमध्ये नसर्ने रोगको रोकथाम तथा नियन्त्रण १ प्रमुख लक्ष्य हो । नसर्ने रोगको उपचार तथा रोकथाममा विश्वका मध्यम तथा गरीब राष्ट्रले ५०० बिलियन अमेरिकी डलरभन्दा बढी रकम खर्च गरिने गरेको पाइन्छ ।

तर यी राष्ट्रले वेष्ट बाइज अवधारणा अबलम्बन गरेमा धेरै रकम खर्चिनुपर्ने देखिँदैन भन्ने विश्व स्वास्थ्य संगठनको मान्यता छ । बेस्ट बाइज भन्नाले मध्यपान तथा धुमपान जस्ता पदार्थमा कर बढाउनु, जनचेतना बढाउनु, नसर्ने रोगको समय मै निदान तथा उपचार गर्नु गराउनु भन्ने बुझिन्छ । जस्तै सरकारले हरेक १ खिल्ली चुरोट वा १ प्याकेट सुर्तीजन्य पदार्थको मुल्यबाट केही प्रतिशत रकम छुट्याएर नसर्ने रोगको उपचार तथा रोकथाम, व्यवस्थापन र जनचेतना अभिवृद्धि गर्नमा जम्मा गर्दै लैजानुपर्छ ।

ओठको बिचमा चुरोट च्यापेर क्यारिम बोर्ड, लुडो, चेस, चियापसलमा चुरोट तान्दै गफ चुट्दै गरेको देखिन्छ । जहाँ चुरोट नपिउनेले जानी नजानी धुमपान गरिरहेका हुन्छन् । १ हातले चुरोट तान्दै काखमा सानो बच्चा च्यापेर स्तनपान गराइरहेकी महिलाले दृश्यसबैले देख्दै आइरहेकै छौं । अबोध बालक बाआमाको धुमपानप्रतिको चेतनाको अभावले प्यासिब स्मोकिङ असरबाट रोगी हुँदै गैरहेको अवस्था छ ।

नसर्ने रोगको बढ्दो दरलाई नियन्त्रण तथा कमी ल्याउन सार्वजनिकस्थलमा मध्यपान, धुमपान तथा सुर्तीजन्य पदार्थ बेचबिखनमा बन्देज लगाइनुपर्छ । यस्ता वस्तुको विज्ञापन, प्रवर्द्धनमा नियन्त्रण गरिनुपर्छ । खुल्ला तथा सार्वजनिक क्षेत्रमा धुमपान, मध्यपानमुक्त क्षेत्र घोषणा गरिनुपर्छ । सरकारले जनचेतना फैलाउने काममा गरेको लगानी, खुल्ला ठाउँमा निशुल्क शारीरिक व्यायमशाला खोल्नमा गरेको लगानीले पछि औषधी उपचारमा गरिने लगानीमा कमी ल्याउने गर्छ । जनताको स्वास्थ्यमा सुधार हुनु भनेको देशको प्रगती हुनु हो । यसरी सरकार, गैरसरकारी सस्थाले रोगको रोकथाम र जनचेतना अभिवृद्धिमा विभिन्न कार्यक्रम गरिनुपर्छ । रोगलागेर अस्पातलमा उपचार गर्नु भन्दा रोग नै लाग्न नदिनु बुद्धिमानी हो ।

व्यस्त दैनिकीले व्यायाम कसरत नगर्ने, सागसब्जी, फलफुल, तरकाली सेवन कम गर्ने, फास्टफुड र विषादी प्रयोग गरेर फलाइएको तरकारी, नुनको बढी प्रयोग गर्ने गरिएकाले नसर्ने रोग बढिरहेको छ ।

मोटोपना घटाउन प्रयास नगर्ने, बियर, वाइन जस्ता मध्यपानको बढी प्रयोग गर्ने, प्रदुषित वातावरणमा हिँडडुल गर्दा मास्कको प्रयोग नगर्ने, यातायात, औद्योगिक उत्सर्जन धुवाँधुलोको करणले हुने वायु प्रदुषणको उचित व्यवस्थापन नहुनु जस्ता करणले गर्दा नसर्ने रोगको प्रकोप बढ्दो छ । कलेजोको क्यान्सर रोकथामको लागि हेपाट्याइसिस बीको खोप लगाउने आदि जस्ता स्वास्थ्य सम्बधी कुराको पालना गर्दा अवश्य पनि नसर्ने रोगबाट बँच्न सकिन्छ ।

**समाधान**
**राष्ट्रिय दैनिकमा लेख, रचना र सुझावका लागि**
**article.samadhan@gmail.com**

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य दक्षिणायन, हेमन्तर्तुः, परिधावी नाम संवत्सर, श्रीशाके १९४१, सम्वत २०७६ साल मंसिर २ गते सोमबार नेपाल सम्बत ११४० कछलागा तदनुसार सन् २०१९ नोभेम्बर १८ तारिक कृष्णपक्ष षष्ठी तिथि अपरान्ह ३ वजेर ४७ मिनेट सम्म, तिष्य नक्षत्र राती ९ वजेर ४९ मिनेटसम्म, शुक्लयोग, वणिजकरण, आनन्दादियोग धाता, सूर्य वृश्चिक राशीमा, चन्द्रमा कर्कट राशीमा ।

**जिज्ञासाको लागि : ९८५६०२६३९७**
gurupatrakar@gmail.com

## आजको शुभाशुभ

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
दिनको अधिकाँश समय अनुकुल देखिन्छ । समयमा काम गर्नु होला, गरेका अधिकाँश काम सफल हुनेछन् ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
समय सुधारोन्मुख देखिन्छ । व्यापार व्यवसायमा क्रमिक सुधार आउनेछ । घर परिवारबाट सहयोग मिल्नेछ । काम गर्ने जोश जागर बढ्नेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
अपरान्ह सम्ममा गरेका अधिकाँश काम सफल हुनेछन् । साँझपख समयले कम साथ दिनेछ । अनावस्यक खर्चमा वृद्धि हुनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डू,डे,डो)
दिनको अधिकाँश समय प्रतिकुल देखिन्छ । गरेका कामबाट आफुलाई भन्दा अरुलाई बढि फाइदा हुनेछ । साँझ पख समयमा सामान्य सुधार आउनेछ ।

**सिंह** (मा.मी,मू,मे,मो,टा,टी,ट्र,टे)
समय विस्तारै प्रतिकुल हुदैछ समयमा काम सम्पन्न गर्नु होला । व्यापार व्यवसायबाट सामान्य लाभ हुनेछ ।साँझ पख खर्च विवाद बढ्नेछ ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
काम गर्न सके दाम हात पार्न सकिनेछ । भाग्य र कर्म दुवै बलियो देखिन्छ । सहयोग मिल्नेछ । सामाजिक दायित्व बढ्नेछ ।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तु,ते)
समयमा क्रमिक सुधार आउनेछ । काममा देखिएका समस्या कम भएर जानेछन् । आर्थिक कारोवारमा सुधार आउनेछ ।

**वृश्चिक** (नो,ना,नी,नू,ने,नो,या,यी,यू)
काममा उतार चढाव आउनेछ । मन अस्थिर हुनेछ । खानपानका कारण स्वस्थ्य कमजोर बन्नेछ । समयमा विचार पुऱ्याउन सकिएन भने क्षति धेरै हुनेछ ।

**धनु** (ये,यो,भा,भि,भू,धा,फा,ढ,भे)
दामपत्य जीवनमा सुखानुभूति हुनेछ । आयत निर्यता व्यापार व्यवसायबाट लाभान्वित हुनुहुनेछ । साँझपख समय प्रतिकुल बन्नेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
शत्रु परास्त हुनेछन् । स्वास्थ्यमा सुधार आउनेछ । मेहनत बढि नगरि कार्य सम्पादन हुने छैनन् । परिश्रमको अन्तिम परिणाम सुखद रहनेछ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सू,से,सो,दा)
समयले त्यति साथ दिने देखिन्न । शत्रुहरुले शीर ठड्याउने कोशिस गर्नेछन् । के गर्ने के नगर्ने भन्ने अन्योलता बढ्न सक्छ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
उपलब्धिका सम्भावनाहरु विलाएर जानेछन् । लगनी बालुवामा पानी हाले सरावर हुनेछ । सहास, धैर्यता र पराक्रम घट्नेछ ।

## समाधान सञ्जाल



**पदमराज घिमिरे**
facebook.com/padamraj.ghimire.7
जब-जब निर्वाचन आउँछ, अनि पार्टीका नेता तथा कार्यकर्ता जुरमुराउन थाल्ने गरेका छन् । यो पार्टीले यो गरे, ऊ पार्टीले यो गरे, यी मात्र पोष्ट गर्ने गरेका छन् । सबै पार्टीले आफूलाई १ पटक सोध कि म को हो । मेरो पार्टीमा नराम्रा मान्छे अथवा विकृति छन् कि छैनन् त्यसलाई नियालेर हेर । अनि पोष्ट गर । पैसामा बिक्ने सबै पार्टीका झोलेहरु तिमीहरु पनि पछाडी फर्क त । के देखेका छौं । बलात्कार, भ्रष्टाचार, चोरी, डकैती, लुटपाट, मान्छे ज्युउँदै जलाउने, दिउँसै मान्छे मार्न पठाउने, मनपरी बोल्दै हिँड्ने, दिउँसै सपना देख्ने, आफूले आफूलाई नचिन्ने, आज मैले के बोले भनेर थाहा नपाउने, रक्सी खाएको तालमा म कहाँ गएँ चाल नपाउने, आफुले बोलेको आफैंले नबुझ्ने के तिमीहरुले यसलाई कसरी लिएका छौं । वास्तवमा नेताले चाहिं यसो वा बुझकारले यस्तो भन्दैन यस्तो भन्ने हो, जसले पैसा खान्छ उसैले भन्दै हिँड्छ । मैले अब आगामी दिनमा के गर्ने भन्नेतर्फ सोच । तिमीहरुले अरुको लागि राम्रो बोल अनि सत्यको बाटो हिँड । नेपाली जनताले तिमीहरुलाई भोट दिन्छन् । माया दिने छन् । सत्यको बाटो हिँड । बुझकी सोंच लिएर हिँड । यसैमा भलाई छ सबै खाले राजनैतिक दललाई ।



**माधव भुसाल**
facebook.com/madhav.bhusl
'नेकपा'को समाचार लेख्यो 'कांग्रेस' वाला भएभरको गाली गर्दै 'तँ नेकपा रैछस्' भन्दै कमेन्टमा उत्रिन्छन् । कांग्रेसको लेख्यो 'तँ कांग्रेस रैछस्' भन्दै नेकपा उफ्रिन्छन् । चुनाव नसकिएसम्म आएका कमेन्टप्रति 'बाल मतलव' भन्ने सिद्धान्त प्रयोगमा ल्याउने निर्णय गरियो । तिमीहरुको जय होस् ।



**सन्तोष अधिकारी**
facebook.com/santosh.adhikari.5872
मैले पहिलो चोटी देख्दै छु, राजनीति दलको चुनावमा पत्रकार प्रचारमा छन् । पत्रकारका लागि छुट्टै सचिवालय नै खडा गरिएको छ । त्यहाँबाट ती पत्रकारले आफैं स्रोत आफैं जनता बनेर समाचार लेखिरहेछन् । चुनाव हुने क्षेत्रमा पर्ने स्थानीय तहका वडामा प्रचारको जिम्मा पत्रकारलाइ नै दिइएको छ । धत ।
कास्की (२) उपनिर्वाचन ।
गोरखामा हुँदा यस्तो जानिएन । अग्रजहरुले सिकाएनन् । यसैमा दिल खुस छ । अहिले पोखरामा बसेर पत्रकारिता गर्दा गोरखाको पत्रकारिता धेरै माथिको रहेको अनुभुती भयो ।



**माधव पहारी**
facebook.com/nimesh.pahari
धर्मको प्रमुख काम भनेकै मान्छेलाई कर्तव्यवान र नैतिकवान बनाउने हो । धर्म नै सकेर देश धर्म निरपेक्ष बनाउनेले फेरि नैतिकता र कर्तव्यको कुरा गर्दा जनता पत्याइरहन्छन् ।



**शिवराज ढुंगाना**
facebook.com/shivraj.dhungana
भारतीयले दार्चुलामा निकै अगाडिबाट अतिक्रमण गरेको भनाई आएका छन् । यसअघि त्यहाँ खटिएका प्रमुख जिल्ला अधिकारीले सीमा अतिक्रमणका बारेमा के रिपोर्ट गरे ? दार्चुलामा खटिएको नेपाली गुप्तचर संस्थाले के सूचना खोज्यो ? ती सूचनाको विश्लेषण किन भएन ? समस्या किन सामसुम नै राखियो ? धेरै प्रधानमन्त्री फेरिए पनि हालसम्म किन चुप लागेर बसे ? प्रश्न धेरै छन् ।

# अग्रणी महिला क्लारा

### महिलाको राजनीतिमा सहभागिता, समान अवसर र महिलाले भोट गर्न पाउनु पर्ने अधिकारको विषयमा क्लाराको प्रमुख जोड थियो



**लक्ष्मी बेलबासे**

हामीले हरेक वर्ष अन्तर्राष्ट्रिय रुपमा महिला दिवस मनाइरहेका हुन्छौं । तर महिला अधिकारका लागि आन्दोलन गर्ने अग्रणी व्यक्तित्वका विषयमा धेरैलाई जानकारी नहुन पनि सक्छ । महिला आन्दोलनको अग्रणी रुपमा क्लारा जेट्किनले महत्वपूर्ण भूमिका निर्वाह गरेकी थिइन् । बुबा गट्फ्राइट आइवनर र आमा जोसेफिनका ३ सन्तान मध्ये जेठी छोरीका रुपमा ५ जुलाइ १८५७ मा जर्मनमा जन्मिएकी क्लारा जन्मिएकी थिइन् । फ्रान्सको किसान परिवारकी शिक्षित महिला उनकी आमा थिइन् भने बुबा मास्टर तथा चर्चको संरक्षक पनि थिए ।


क्लाराको परिवार १८७२ मा लिप्जिङमा सऱ्यो । उनले महिलाको पढाइ हुने लिप्जिङका महिला टिचरबाट नै ज्ञान आर्जन गरिन् । त्यहाँ उनले सोसियल डेमोक्रेटिक पार्टीसँग सम्बन्ध स्थापित गरिन् । उनले त्यो बेलादेखि नै महिला आन्दोलन र श्रमिक आन्दोलनका बारेमा धेरै कुरा बुझेकी थिइन् ।

१८७८ मा विस्मार्कले जर्मनीमा सामाजिक क्रियाकलापमा प्रतिबन्ध लगाएपछि उनले जुरिच छाडिन् र पेरिसमा निर्वासित जीवन बिताउन थालिन् । पेरिसमा उनले पत्रकारिता र अनुवाद सम्बन्धी अध्ययन गरेकी थिइन् । त्यही समयमा उनले सोसियलिस्ट इन्टरनेसनल ग्रुपको आधार तयार गर्न महत्वपूर्ण भुमिका निर्वाह गरिन् । १ जना रसियन नागरिक ओसिप जेट्किनसँग उनको सामीप्यता बढ्यो । उनी मार्क्सवादका राम्रा अध्याता थिए ।

क्लाराले ओसिपसँग बिहे गरिन् र २ वटा छोरा पनि जन्मे । क्लाराको खासगरी राजनीतिको सुरुआत ओसिपसँगको परिचयपछि सुरु भयो । उनी ओसिपसँगको संगत र समाजवादी पार्टीका प्रशिक्षणबाट निकै प्रभावित थिइन् । त्यो वातावरणले उनलाई समाजवादी क्रान्ति र महिला मुक्ति आन्दोलनको संघर्षमा लाग्न प्रेरणा दियो ।

फलस्वरूप उनी १८७८ मै सोसियल ओर्कर पार्टीको सदस्यता प्राप्त गरिन् । १८८० तिरको जर्मनको बिग्रदो राजनैतिक अवस्थाका कारण उनी फेरि स्विजरल्याण्डमा निर्वासित भइन् । केही वर्ष पछि फ्रान्समा आइन् । त्यसको करिब १ दशकपछि पुन उनी जर्मनी फर्किन् र सोसियल डेमोक्रेटिक पार्टीले प्रकाशन गर्ने पत्रिकाको सम्पादकको रुपमा काम गर्न थालिन् । यो काम उनले करिब २५ वर्ष गरिन् ।

सन् १८८९ को सुरु तिर ओसिप निकै बिरामी परे र उनको छिट्टै नै निधन भयो । यसरी क्लाराले बिहे गरेको केही समयपछि नै जीवनसाथी गुमाउनु परेको थियो । उनका पति ओसिपको निधन भएको करिब ८ बर्ष पछि आफू भन्दा १८ वर्ष कान्छो, कलाकार जर्ज फ्रेडरिच जुन्दलसँग क्लाराको दोस्रो विवाह भयो । उनको पतिको निधनपछि पनि उनले आफ्नो सामाजिक तथा राजनैतिक यात्रालाई रोकिनन् ।



१८९० मा सोसियल डेमोक्रेटिक पार्टीको नाम परिवर्तन भएर सोसियल डेमोक्रेटिक पार्टी अफ जर्मन (एसपिडी) भयो । एसपिडीमा उनको संगत अर्की महिला अधिकारकर्मी रोजा लग्जेम्वरसँग भएको थियो । २० औं शताब्दीको अन्त्य तिर एडुवार्ड वर्न्स्टेनको संशोधनवादी नीतिको तीव्र बहस थियो । यी २ अधिकारकर्मी मिलेर त्यो नीतिको कडा प्रतिवाद गरे । एडुवार्डको त्यो नीति क्रान्तिकारी परिवर्तनको खिलापमा थियो ।

महिलाको राजनीतिमा सहभागिता, समान अवसर र महिलाले भोट गर्न पाउनु पर्ने अधिकारको विषयमा क्लाराको प्रमुख जोड थियो । उनले यिनै अधिकारको प्राप्तिको लागि जर्मनमा लामो समयसम्म समाजिक प्रजातान्त्रिक महिला आन्दोलनको नेतृत्व गरिराखिन् । उनले १९०७ मा एसपिडीको महिला विभागको नेतृत्व गरेकी थिइन् । १९१० अगस्टमा प्रथम अन्तर्राष्ट्रिय महिला सम्मेलन सप्पन्न भयो । त्यतिबेला अमेरिकाकी सामाजिक अभियन्ता लुइस जेटले पहिलो पटक अन्तर्राष्ट्रिय नारी दिवसको कुरा उठाएकी थिइन् । त्यसपछि त्यो विषयमा कुरा उठाउने दोस्रो महिला क्लारा नै थिइन् । यधपी त्यो सम्मेलनले कुन दिन महिला दिवस मनाउने भन्ने बारे कुनै निर्णय भने गर्न सकेन ।

त्यति बेला १७ देशका १ सय प्रतिनिधि महिलाले मतदान गर्न पाउनुपर्ने र समान अधिकार पाउनुपर्ने नीतिको लागि संयुक्त रुपमा संघर्ष गर्नुपर्ने कुरामा जोड दिएका थिए । त्यसको अर्को साल १९११ मार्च १९ का दिन अस्ट्रिया, डेनमार्क, जर्मनी र स्विजरल्याण्डका हजारौं महिलाले प्रदर्शन गरेका थिए । त्यो आन्दोलनले महिला अधिकारका कयौं विषयमा सफलता हासिल गरेको थियो ।

क्लारा बुर्जुवा महिलावादीप्रति गम्भीर असहमति राख्थिन् । उनको विचारमा त्यस्ता महिलावादीले मेहनत र श्रमजीवी महिलालाई फुटाउने र महिला अधिकारको पक्षमा लड्न नसक्नेमा जोड थियो । १९१६ मा एसपिडीबाट अलग भएर स्थापना भएको इन्डिपिन्डेन्ट सोसियल डेमोक्रेटिक पार्टी अफ जर्मन (युएसपिडी) को क्लारा संस्थापक सदस्य भइन् । त्यसपछि पनि क्लाराले महिलाको मताधिकार, समान ज्याला, र समान अधिकारको विषयलाई बुलन्द नै पारेकी थिइन् । १९१९ को जर्मन क्रान्तिपछि उनी जर्मन कम्युनिस्ट पार्टीको सदस्य भइन् । त्यसपछि उनी झण्डै १३ वर्ष पार्टीको तर्फबाट तल्लो सदनको प्रतिनिधिको रुपमा काम गरिन् । उनले १९२० मा महान् नेता लेनिनसँग महिलाका प्रश्न बारे अन्तर्वार्ता पनि लिएकी थिइन् ।

उनी १९२० अक्टोबरमा कम्युनिस्ट अन्तर्राष्ट्रियले बनाएको महिलाको अन्तर्राष्ट्रिय सचिवालयको सदस्य पनि थिइन् । १९२१, जुनमा मस्कोमा सम्पन्न भएको कम्युनिस्ट महिलाको दोस्रो अन्तर्राष्ट्रिय महिला सम्मेलनको अध्यक्षता क्लाराले गरेकी थिइन् । त्यो सम्मेलनले नै विधिगत रुपमा मार्च ८ लाई अन्तर्राष्ट्रिय नारी दिवसको रुपमा मनाउने निर्णय गरेको थियो । जब हिट्लर र उसको नाजी पार्टीले जर्मनीको सत्ता हत्यायो, त्यसपछि १९३३ मा जर्मन कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगायो । त्यसपछि उनी अन्तिम पटक सोभियत संघमा निर्वासित जीवन बिताउन गएकी थिइन् । क्लाराको ७६ वर्षको उमेरमा जुन २० सन् १९३३ मा मास्काउ नजिकै निधन भएको थियो । अर्घाखाँती बुलेटिन डटकम

# आदर्श महिला जेनी मार्क्स

विश्व कम्युनिस्ट आन्दोलनका प्रवर्तक कार्ल मार्क्सकी जीवन संगीनी हुन् जेनी मार्क्स । उनको मार्क्ससँग विवाह हुनुभन्दा पहिलाको नाम जेनी वोन वेस्टफालेन थियो । १२ फेब्रुअरी १८१४ मा जर्मनीको राइन प्रान्तको सल्ज्वेडलमा जन्मिएकी जेनीको बुबाको त्यही समयमा नै ट्रिरमा सरुवा भएपछि कार्ल मार्क्स परिवारसँग परिचय हुन अवसर मिलेको थियो । त्यति बेलैदेखि जेनी साथीहरुसँगै कार्ल मार्क्ससँग खेल्थिन् । खेल्दाखेल्दै बालापनबाट सुरु भएको जेनी र मार्क्सबीचको प्रेम जेनी २१ र मार्क्स १७ वर्षको भएपछि झन् परिपक्व प्रेममा परिणत भयो ।

अभिजात वर्गका जेनीका माता पिताका असहमतिका बीचमा पनि बालापनको प्रेमलाई पूरा गर्दै यी दुवैले सन् १८३५ मा विवाह गरे । विवाहपछि पनि जेनीका मातापिताले उनीहरुको विवाहलाई स्वीकार गरेन् ।

आफुले २१ वर्षसम्म बिताएको जीवनशैली भन्दा नितान्त फरक तर लक्ष्यप्रति अविचल अनि अविरल कठिनाई र अभावले भरिएको जीवन उनले आरम्भ गरेकी थिइन् । जेनीले मार्क्ससँग विवाह गरेपछि उनको जीवनले नयाँ मोड लियो । विवाह पश्चात उनीहरु राइन नदीको बाटो भएर अक्टोबरमा पेरिस पुगेका थिए भने त्यही समयमा नै मार्क्सले पत्रिका प्रकाशनको काम सुरु गरे । १ मे १८४४ मा जेनीले उनकी जेठी छोरी जेनीलाई जन्म दिइन् ।

परिवारमा सदस्य थपिएको थियो । तर मार्क्सले प्रकाशित गर्न थालेको पत्रिकाको अवस्था पनि सोचेको जस्तो राम्रो थिएन । आर्थिक स्थिति पनि नाजुक बन्दै गयो । समस्या पर्दा एकैपटक आउँछ भन्ने भनाई उनीहरुको जीवनमा पनि लागू भयो । समस्या कै बीचमा १८४५ को सुरुमा उनीहरु बसेको घरमा अचानक प्रहरी आएर मार्क्सलाई २४ घण्टाभित्र पेरिस छोड्नु पर्ने भन्ने प्रसियाली सरकारको आदेश सुनाएर गयो । तर जेनीले पेरिस छोड्नु पर्ने कुरा त्यहाँ उल्लेख थिएन । जेनीले त्यो कठिन पलमा आफ्ना घरायसी सामान बेचेर केही पैसा जम्मा गरिन् । त्यो पैसाले त्यहाँबाट उनीहरु ब्रसेल्स गए । त्यहाँको बसाई पनि उनीहरुका लागि सुखद हुन सकेन ।

ब्रसेल्सको बसाइमा २ जना मानिस घर भित्र पसेर मार्क्सलाई सोधपुछका लागि प्रहरी कार्यलयमा लगे । त्यसै रात मार्क्सलाई छुटाउन प्रयासरत रहँदा प्रहरीले जेनीलाई पनि गिरफ्तार गरेर यौन व्यावसायी,



**जेनीले त्यो कठिन पलमा आफ्ना घरायसी सामान बेचेर केही पैसा जम्मा गरिन्। त्यो पैसाले त्यहाँबाट उनीहरु ब्रसेल्स गए**

पाकेटमार जस्ता महिला भएको हिरासतमा राखियो । पुरानो जीगोर नामका साथीलाई जेनीले भेटिन् । उनका साथी जिगोरले तत्कालै हेर्न इसारा गरे । जेनीले झ्याल नजिक गएर तल हेर्दा कार्ल मार्क्सलाई सैनिकले कडा सुरक्षा दिएर अन्तै लगेको देखिन् । केही बेरको सोधपुछपछि प्रहरीले जेनीबाट केही हात पार्न सकेन र उनलाई हिरासतबाट मुक्त गऱ्यो ।

त्यसपछि मार्क्सको परिवारलाई जहाँ गयो त्यहीबाट लखेटिन थालियो । यतिसम्म कि जेनी एक पटक गर्भवती हुँदा समेतसुख पाएनन्, देश निकाला गरिएको थियो उनीहरुलाई । त्यस्तो अवस्थामा बाध्य भएर गर्भवती पत्नी र बच्चालाई समेत छोडेर मार्क्सले १ पटक त २६ अगस्टमा बेलायतको राजधानी लण्डन पुग्नु परेको थियो । देश निकाला गरिंदा कतिपय समयमा यो जोडीसँग खाने सामान र पैसा समेत हुँदैनथ्यो । फरी पनि देश निकालाको समस्या मार्क्स र जेनीको जीवनमा दोहोरिरह्यो । उनीहरु १८४५ मा पेरिसबाट, १८४८ मा ब्रसेल्सबाट, १८४९ मा क्योलनबाट र अगस्ट १९४९ मा फेरी पेरिसबाट निरन्तर धपाइएका थिए ।

यसरी समस्याका बीचमा पनि मार्क्सको हिम्मत डग्मगाएन । उनी चिलित भएनन् । उनको लागि त्यो समयमा देख निकाला, निर्वासन तथा चरम आर्थिक अभावकाबीचमा पनि विचलित नभएर डटेर लागेका थिए ।

त्यसपछि जेनी मार्क्सले लण्डनको थिएटर जीवनबारे प्रकाश पार्दै सन् १८७५-१८७७ मा जर्मन जनतन्त्रवादी अखवार (फ्यांकफर्ट जेइटुङ एण्ड ह्याण्डल्सब्लाट) मा साहित्यिक आलोचना सम्बन्धि लेखमाला प्रकाशित गरिन् । यस बीचमा जेनीले रुस लगायत देशमा मजदुर तथा क्रान्तिकारी आन्दोलनका गतिविधिबारे निगरानी रराख्दै उक्त आन्दोलनमा ठूलो योगदान पुऱ्याउने गरेकी थिइन् । कार्ल मार्क्सका अभिन्न साथी एंगेल्सका अनुसार यसरी लक्ष्यप्रति ओतप्रोत भएकी आफ्नी जीवनसङ्गीनी जेनीको संघर्षमा नि:स्वार्थ सहभागिताप्रति मार्क्सले आफ्नो 'दास क्यापिटल' अर्थात् 'पूँजी'को दोस्रो र तेस्रो खण्ड समर्पित गर्ने मनशाय राखेका थिए । हुन त सर्वहारावर्गको मुक्ति संघर्षमा जेनी मार्क्सको योगदान बाह्य संसारको लागि विशेष छैन । तर एंगेल्सले उनलाई पनि 'सर्वहारावर्गको समाजवादको पुरानो योद्धा दलमा नै गणना गरेका थिए ।

एंगेल्स राजनैतिक विनम्रता, आफ्नो जीवन बलिदान गरेको महान् कार्यप्रति निरन्तर निष्ठा, बफादारी र आत्मत्याग, यी सबै उच्च महत्वका कुराले परिपूर्ण जेनी मार्क्सबाट फेडरिक प्रभावित थिए । त्यसैले त उनले जेनीलाई 'उत्कृष्ट आत्मा भएकी नारी' भन्ने संज्ञा नै दिएका थिए ।

जेनी फोक्सोको निमोनियाको कारण लामो समयसम्म बिरामी भएर ओछ्यानबाट उठ्न नसक्ने भइन् । अर्कोतिर मार्क्सलाई कलेजोको क्यान्सरले आक्रान्त पारेको थियो । डाक्टरले उनको जीवन खतरामा भएको बताइसकेका थिए । एकातिर अर्को कोठामा आफ्नी पत्नी मृत्यु शैयामा जीवन मरणको संघर्ष गरिरहँदा मार्क्स पनि क्यान्सर रोगले सिकिस्त भएका थिए । सन् १८८१ को डिसेम्बर २ का दिन लण्डनमा जेनीको निधन भयो । तर आफैं रोगले जीर्ण भएका मार्क्स आफ्नी प्यारी जेनीको अन्त्यष्टिमा पनि सहभागी हुन सकेनन् ।

# २ नोबेल पुरस्कार विजेता म्याडम क्युरी



विश्व प्रसिद्ध भौतिक तथा रसायनशास्त्री मेरी क्युरी पोल्याण्डको वार्सामा सन् १८६७ नोभेम्बर ७ मा जन्मिएकी थिइन् । त्यो बेलाको समयमा महिलालाई खासै शिक्षा प्रदान गरिने चलन थिएन । महिलाले सीमित मात्रामा शिक्षा प्राप्त गर्ने अवसर पाउँथे । तर उनले भने यो चलनलाई तोड्दै आफ्नै दिदीको सहायताले गणित पढ्न फ्रान्सको पेरिस जाने सौभाग्य प्राप्त गरेकी थिइन् ।

**क्युरी भौतिक तथा रसायन विज्ञान दुवै क्षेत्रमा नोबेल पुरस्कार पाउने १ मात्र महिला हुन्**

पढ्ने मौका पाएकाले आफूलाई सावित गर्न उनले कुनै कसर बाँकी राखिनन् । मौकालाई सदुपयोग गर्दै मेहनत तथा लगनका साथ पढ्न थालिन् । यही मेहनतले उनी विज्ञानको क्षेत्रमा अब्बल प्रमाणित गर्दै पेरिस विश्वविद्यालयको प्राध्यापक बन्न सफल भएकी थिइन् । संयोग नै मान्नुपर्छ, आफ्नै विश्वविद्यालयमा भेटिएका प्राध्यापक पियर क्युरीसँग उनले वैवाहिक जीवन पनि सुरु गरेकी थिइन् ।

विवाह पश्चात यी दम्पतिले सन् १८९८ मा पोलोनियमको खोजी गरेका थिए । त्यसको केही समय पश्चात चिकित्सा विज्ञानको लागि वरदान सावित रेडियमको खोजी गर्न सफल भएका हुन् ।

विद्यावारिधी पुरा गरेर रेडियो एक्टिभिटीको खोजमा सफलता पाउँदा सन् १९०३ मा क्युरीले नोबेल पुरस्कार प्राप्त गरेकी थिइन् । उनले पुरस्कार पाउने सिलसिलालाई कायम राख्दै सन् १९११ मा रसायन विज्ञानको क्षेत्रमा रेडियमको शुद्धीकरणको लागि रसायन शास्त्रको नोबेल पुरस्कार जित्न सफल भइन् ।

क्युरी भौतिक तथा रसायन विज्ञान दुवै क्षेत्रमा नोबेल पुरस्कार पाउने १ मात्र महिला हुन् । उनको सन् १९३४ जुलाई ४ मा निधन भएको थियो ।

साईमन पार्टी प्यालेस
सृजनाचोक, पोखरा, फोन नं.: ०६१-५३९१०६
अत्यन्तै राम्रो व्यवस्थापनमा
वर्षौंदेखि गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको
साईमन पार्टी प्यालेस
यहाँ
विवाह, वर्तवन्ध, सभा, सम्मेलन, भोजभतेर, पास्नी, गोष्ठी, सेमिनार, बर्थडे पार्टी आदि विभिन्न पार्टीहरु साथै खान, बस्नको राम्रो सुविधा रहेको छ ।
हलको क्षमता:
१,००० जना- १ वटा ५०० जना-१ वटा, २०० जना- १ वटा १०० जना- १ वटा
५० जना - १ वटा र अन्य मिटिङ हलहरू
साथमा सुविधा सम्पन्न होटल र रेष्टुरेण्ट पनि
अग्रीम बुकिङको लागि:
फोन नं.: ०६१-५३९१०६, ९८५६०२११६८, ९८५६०३४९१९, ९८५६०२१३७७
पार्किङको राम्रो सुविधा

फिल्मी संसार
QFX cinemas
POKHARA CINEPLEX
पोखराको पहिलो सुविधा सम्पन्न सिनेमा हल
NOW SHOWING
AMAZING DEAL EVERY TUESDAY
Only at Rs. 150 Per Ticket



Ghamad Shere (PG)- 12:15PM, Charlie's Angels (PG)- 18:45PM,
Bala (PG)- 15:30PM, Marjaavaan (PG)- 12:00PM, 18:30PM Housefull 4 (PG) : 15:15PM
061-522630/647 www.cineplex.qfxcinemas.com http://pokharacineplex.com Facebook Pokharacineplex

सेप्टी टंकी सफाई गर्नुपरेमा
सम्पर्क
9802815296
9802815293

528009
खानेपानी चाहिएमा

# उपचुनाव सरकारको नैतिक परीक्षा : सिटौला

**समाधान संवाददाता**
पोखरा, ३० कात्तिक



नेपाली कांग्रेसका नेता कृष्ण सिटौलाले कास्की क्षेत्र नम्बर २ को उपनिर्वाचन २ तिहाइको कम्युनिस्ट सरकारको नैतिक परीक्षा भएको बताएका छन् । शनिबार बिहान पोखरा ११ फूलबारीमा भएको चुनावी सभामा नेता सिटौलाले भने, ' यो चुनावमार्फत सरकारलाई नैतिक दबाब सिर्जना गर्न पनि महत्वपूर्ण छ । सरकारको रवैया लोकतन्त्रवादी पार्टी मात्र होइन सबै नेपाली जनताको चिन्ताको विषय हो । त्यसैले यो चुनाव महत्वपूर्ण छ ।'

उनले सरकार संवैधानिक व्यवस्था मास्ने कार्यमा उद्धत रहेको आरोप समेत लगाए । उनले सरकारले संवैधानिक प्रावधानमाथि थिचोमिचो गर्ने, मूल्य र मान्यता तोड्मोड एकदलीय हुकुमी शैलीमा राज्य सचालन गर्ने प्रयत्न गरिरहेको भन्दै त्यसलाई रोक्न आवश्यक रहेको बताए । उनले भने, 'संविधानको मर्म र भावना एकातिर र सरकार अर्कोतिर छ । एकदलीय कम्युनिस्ट शासन लाद्ने प्रयत्नशील छ । त्यसलाई रोक्न यो चुनाव उपयुक्त बाटो हो ।'

यो चुनाव जित्दैमा कांग्रेसको सरकार पनि नआउने, नेकपा सरकार पनि नढल्ने भन्दै उनले कम्युनिस्टको पक्षमा जनमत नभएको सन्देश दिन पनि कांग्रेसले जित्नै पर्ने स्पष्ट पारे । सरकार पूरै अन्धो भएर अघि बढ्न खोजेको आरोप लगाउँदै नेता सिटौलाले नेपाली कांग्रेसका उम्मेदवार, निष्ठावान व्यक्तित्व खेमराज पौडेललाई जिताएर सरकारको आँखा खेल्न आग्रह गरे । मुलुकको राजनीतिलाई ठीक ठाउँमा हिंडाउन नेपाली कांग्रेसले यो उपनिर्वाचन जित्न आवश्यक रहेको बताए । सबैले मान्न सक्ने, सबैले सम्मान गर्न मिल्ने उम्मेदवार कांग्रेसले उठाएकाले खेमराजलाई जिताउँदा सबैको इज्जत र प्रतिष्ठा बढ्ने नेता सिटौलाले स्पष्ट पारे । 'सूर्य चिन्हमा मत दिनेले १ पटक मत चिन्ह परिवर्तन गरेर हेर्नुस्, खेमराजलाई जिताउनुस् अनि हेर्नुस् परिवर्तन हुन्छ कि हुँदैन,' उनले भने, खेमराज इमान्दारिताको प्रतीक हो, त्याग तपस्याको प्रतीक हो, उहाँ कहीं कतै चुक्नुभएको छैन ।'

उम्मेदवार खेमराजको चरित्र सामाजिक भएको, पार्टीमा नै खेमराज जत्तिको इमान्दार व्यक्तित्व नभएको भन्दै नेता सिटौलाले इमान्दार मान्छेलाई जिताएर पठाउँदा पोखराकै प्रतिष्ठा बढ्ने स्पष्ट पारे ।

राजनीतिमा इमान्दारिता, मितव्ययीता, सादगीपन, सरलता, पारदर्शिता, जवाफदेयीता, उत्तरदायित्वको खाँचो भएको भन्दै नेता सिटौलाले यी सबै गुण नेता खेमराजमा पाउन सकिने बताए । 'उहाँ भाषणविद् होइन, विचारविद् हो, चरित्रविद् हो । खेमराज कांग्रेसको मात्र सम्पत्ति होइन, मुलुककै सम्पत्ति हो । संरक्षण गर्न आवश्यक छ,' उनले भने ।

कांग्रेस नेतृ एवं सांसद डा. डीला संग्रौलाले धर्म संस्कृति मुलुकको पहिचान भएको भन्दै पहिचान कुल्चेर हिँड्नेलाई जनताले बेलैमा चिन्नुपर्ने खाँचो औंल्याइन् । प्रश्नै प्रश्नको बीचमा केपी सरकार उभिँदै गर्दा आज मुलुकको राष्ट्रियता, राष्ट्रिय अखण्डता र स्वाधीनतामाथि पनि प्रश्न उठेको भन्दै उनले ओलीको राष्ट्रवादको टोपी कालापानी, लिपुलेकको सीमाले खसालिदिएको बताइन् । लोकतन्त्रको रक्षा गर्दै कम्युनिस्ट अधिनायकवादलाई रोक्न यो मिनी जनमत संग्रह कांग्रेसले जित्न आवश्यक रहेको नेतृ संग्रौलाले स्पष्ट पारिन् । कांग्रेस उम्मेदवार खेमराज पौडेलले चुनाव प्रचार अभियानमा जनता निकै उत्साहित भएको भन्दै कांग्रेसको जीत सुनिश्चित रहेको बताए । 'वर्तमान सरकार संविधानमाथि धावा बोल्न, भ्रष्ट, कुशासनले लिप्त, विभिन्न अपराध गर्न उद्धत छ,' उनले भने, 'राष्ट्रियता, तोकतान्त्रिक गणतन्त्र र संघीयतालाई कमजोर बनाउने काम पनि सरकारबाट भएको छ । यस्ता क्रियाकलाप विरुद्ध कांग्रेसको उम्मेदवारी हो ।'

सरकारलाई सही बाटोमा हिँड भन्नका लागि पनि यो चुनाव नेपाली कांग्रेसले नै जित्न आवश्यक रहेको उनले स्पष्ट पारे । जनताको विश्वास, आस्था र भरोषालाई आफूले कहिल्यै पनि मर्न नदिने उम्मेदवार पौडेलले प्रतिवद्धता जनाए । कार्यक्रम पार्टीका इकाइ सभापति बोधराज घिमिरेको सभापतित्वमा भएको थियो ।

**घरदैलो जारी**

कास्की कांग्रेसले उपनिर्वाचनका लागि घरदैलो अभियान मार्फत मतदाता भेटघाट कार्यक्रमलाई जारी राखेको छ । अभियान अन्तर्गत शनिबार पोखरा-११ का अधिकांश टोलमा घरदैलो र कोणसभा भयो । संविधानसभा सदस्य एवं चुनाव प्रचार समितिका संयोजक शारदा पौडेलले पोखरा-११ मा विभिन्न कलष्टर छुट्याएर समिति गठन गरेकी थिइन् । उक्त समितिले प्रत्येक घरमा पुगेर मतदाता भेटघाट जारी राखेका थिए । योसँगै पोखराका अन्य १० वटा वडाका कांग्रेस नेता कार्यकर्ता मतदाता भेटघाट अभियान जारी राखेका छन् । यसैक्रममा पोखरा-७ मा पनि घरदैलो कार्यक्रम जारी छ ।

# 'सरकार समृद्ध नेपाल निर्माणमा'



**समाधान संवाददाता**
स्याङ्जा, ३० कात्तिक

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा अर्यालले सरकार समृद्ध नेपाल निर्माणको चरणमा रहेको बताएकी छन् । वालिङ अस्पताल र अन्नपूर्ण चिल्ड्रेन एन्ड ओमन्स हस्पिटल पोखराद्वारा आयोजित वालिङमा निशुल्क स्वास्थ्य शिविर उद्घाटन गर्दै मन्त्री अर्यालले सरकारले समृद्ध नेपालका आधारहरु तयार गरेको बताएकी हुन् ।

'सरकार समृद्धिका दिशामा अगाडि बढिरहेका बेला आम नागरिक स्वस्थ हुनुपर्छ,' उनले भनिन्, 'स्वास्थ्य नै धन हो स्वास्थ्य स्वस्थ राख्न हाम्रा जीवनशैली परिर्वतन गर्नुपर्छ ।' खानपान, जीवनशैली, चुलोचौकोसँग स्वास्थ्य जोडिएको बताउँदै मन्त्री अर्यालले जीवनशैली परिर्वतन गरी परिवर्तित समय अनुसार अगाडि बढ्नुपर्ने खाँचो औंल्याइन् । घरगाउँमै निशुल्क स्वास्थ्य शिविर आयोजना गरी आर्थिक रुपमा कमजोर भएका र टाढाटाढा अस्पताल जान नसकेका नागरिकलाई सेवा दिएकोमा आयोजक संस्थालाई धन्यवाद दिँदै निकै सकारात्मक कार्य गरेको मन्त्री अर्यालको भनाइ थियो ।

नागरिकको स्वास्थ्यप्रति सरकार सचेत रहेको बताउँदै पूर्व स्वास्थ्य राज्यमन्त्री अर्यालले निशुल्क आधारभूत स्वास्थ्य सेवा प्रभावकारी बनाउनेतर्फ सरकारको विशेष ध्यान रहेको जानकारी दिइन् । स्वास्थ्य नैसर्गिक अधिकार भएको बताउँदै अर्यालले नागरिकलाई सेवा दिन बिमा कार्यक्रम ल्याएको बताइन् । हरेक क्षेत्रको विकासमा सरकार तल्लीन रहेको मन्त्री अर्यालले दाबी गरिन् ।

कार्यक्रममा वालिङ नगर प्रमुख दिलीपप्रताप खाँणले वालिङ तथा आसपासका जनताको स्वास्थ्य उपचारमा अस्पतालले राम्रो भूमिका खेलेको बताए । अस्पतालका कमी कमजोरीलाई सुधार गरी सेवा प्रवाह चुस्त बनाउन खाँणले सुझाव समेत दिए । कार्यक्रममा वडा नम्बर १० का अध्यक्ष अनन्तराज गैह्रे, वालिङ अस्पतालका अध्यक्ष शोभाकान्त पौडेल, सचिव खगेन्द्र अर्याल लगायतले मन्तव्य राखे । वालिङ हस्पिटल र अन्नपूर्ण चिल्डेन एन्ड ओमन्स हस्पिटलद्वारा आयोजित निशुल्क शिविरमा बालरोग विशेषज्ञ डाक्टर शंकर पौडेल, स्त्री तथा प्रसूति रोग विशेषज्ञ डाक्टर सरीता गुरुङ र वरिष्ठ रेडियोलोजिस्ट प्रकाश गुरुङसहितको ५१ जनाको टोलीले सेवा प्रदान गरेको हो ।

पोखरा, ३० कात्तिक (समाधान) - पोखरा बेसी सेवा समितिको अध्यक्षमा ईन्द्रबहादुर भारी चुनिएका छन् । समितिको शनिबार भएको प्रथम साधारणसभा तथा अधिवेशनले भारीको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति चुनेको हो ।

समिति उपाध्यक्षमा यमबहादुर पुन, सचिव भरतकुमार भारी, सहसचिव बोधप्रसाद भण्डारी र कोषाध्यक्ष केशवप्रसाद शर्मा छन् । सदस्यमा भुवन भारी, सुरेश बजिमय, लोकबहादुर सुनार, बालकृष्ण देवकोटा, ज्ञानबहादुर फलामी र श्रीराम अर्याल छन् ।

समितिको ३ सदस्यीय सल्लाहकारमा हुमवीर पुन, टेकलाल श्रेष्ठ र तालबहादुर पुन छन् । कार्यक्रममा गण्डकी प्रदेश सांसद दीपक कोइरालाले बागलुङ बसपार्कलाई व्यवस्थित र विकास गर्ने कार्यमा आफ्नो सकारात्मक भूमिका रहने उल्लेख गरे ।

कोइरालाले 'समृद्ध नेपाल र सुखी नेपाली' नारालाई सफल पार्न निजी क्षेत्रको साझेदारीमा गण्डकी प्रदेश सरकारले अघि बढ्ने उद्देश्य लिएको बताए । उनले समाज र राष्ट्रलाई योगदान गर्ने व्यक्तित्वहरुलाई राज्यले सम्मान गर्नुपर्ने सरकारको नीति र कार्यक्रममा समेटिनुपर्ने औंल्याए । गण्डकी यातायात समन्वय समिति संयोजक केदारनाथ पौडेलले बसपार्कलाई व्यवस्थित गर्ने कार्यमा समितिसँग साझेदारीका साथ अघि बढ्ने बताए ।

पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रालि अध्यक्ष योगेन्द्र केसीले बागलुङ बसपार्कलाई आधुनिक ढंगबाट विकास गर्न कम्पनी सधैं तयार रहेको प्रतिबद्धता जनाए । नेवा: खल: कास्की अध्यक्ष अशोक पालिखेले पोखराको विकाससँगै बागलुङ बसपार्कको विकासमा जोड दिए । कार्यक्रममा बागलुङ बसपार्कका लागि जग्गादान गर्ने व्यक्तित्वलाई सेवा समितिले सम्मान गरेको थियो ।

सम्मानित हुनेमा पोखरा २ भीमसेन टोलका तिलकबहादुर भारी र चन्द्रकुमारी भारी, सोही स्थानका स्व. मानकुमारी भारी र रमेश भारी तथा सोही स्थानकै रामबहादुर भारी, मिठु भारी लगायत छन् ।

कार्यक्रममा सचिव भरतकुमार भारीले सचिवको प्रतिवेदन प्रस्तुत गरेका थिए । समितिका अध्यक्ष ईन्द्रबहादुर भारीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष यमबहादुर पुनले पनि बोलेका थिए । कार्यक्रम सञ्चारकर्मी अनिशा श्रेष्ठले कार्यक्रम सञ्चालन गरेकी थिइन् ।


आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरून् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म मितिः
वि.सं. १९९४/११/१७

स्वर्गारोहण मितिः
वि.सं. २०७६/०७/१९

**स्व. देवीदत्त खनिया**


हाम्रा आत्मीय मित्र एवम् विद्यार्थी रत्न मासिक पत्रिकाका प्रबन्ध निर्देशक तथा आदर्श अफ्सेट प्रेसका सञ्चालक हरिहर खनिया, प्रिय मित्र अच्युत खनियाका पूजनीय पिता एवम् सम्पादक सावित्री पौडेलका ससुरा बुबा **देवीदत्त खनियाको** दुःखद निधनले हामीलाई मर्माहत बनाएको छ । उहाँको निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**विद्यार्थी रत्न मासिक पत्रिका परिवार**
पोखरा-३, नदीपुर



इन्द्र विन्ति गरुन् झुकेर पदमा त्यो विन्ति मान्दैन त्यो
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।

## हार्दिक समवेदना



जन्म मितिः
वि.सं. १९९०/०८/०८

स्वर्गारोहण मितिः
वि.सं. २०७६/०७/२३ गते

**स्व. ज्ञानबहादुर महत**

पोखरा क्रियटिभ इङ्लिस स्कुलका प्रधानाध्यापक **लक्ष्मी कार्की** तथा लेखापाल **ध्रुब महत**का पुजनीय पिता **ज्ञानबहादुर महत**को मिति २०७६/०७/२३ गते भएको असामयिक निधनले हामी अत्यन्त मर्माहत भएका छौं । यस दुःखद् घडीमा स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति भगवान श्री पशुपतिनाथले प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

सम्पूर्ण शिक्षक शिक्षिका तथा कर्मचारी परिवार
**पोखरा क्रियटिभ इङ्लिस स्कुल**
पोखरा-८, सिर्जनाचोक


**Pokhara Metropolitan City**
**Office of Municipal Executive**
Newroad, Pokhara
Gandaki Province, Nepal

## IFB No. 8/PMC/2076-77

Date of publication: **17th Nov, 2019 AD (2076/08/01BS)**

1. The **Pokhara Metropolitan city (PMC), Pokhara invites** electronic bids from eligible bidders.
2. Eligible bidders may obtain further information at the office of **Pokhara Metropolitan city (PMC), Pokhara Tel 061-551401, Fax: 061-520600 and** email **pokharamun.gov.np**, info@pokharamun.gov.np of this office.
3. Bidding Documents may be purchased electronically for e-submission from e-GP system http://www.bolpatra.gov.np/egp/ upon payment of a non-refundable fee on or before **16th Dec 2019** and submit their bid electronically.
4. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank Account No. 3020304018106
5. Bids must be submitted electronically on or before **12:00 Noon on 17th Dec 2019**. Documents received after this deadline shall not be accepted.
6. Pre-bid meeting shall be held at PMC office at **12:00 PM on 01st Dec 2019.**
7. Bids shall be opened in the presence of bidder's representatives who choose to attend 1:00 PM on **17th Dec 2019** at the office of **PMC, Pokhara**. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security as mentioned above which shall be valid for minimum 30 days beyond the bid validity period i.e. total of 120 days from the day of bid opening.
8. If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in **Deposit Account No.:** 3020303007106 at Rastriya Banijya Bank, Pokhara and submit the receipt of the deposited amount of cash along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid security validity shall be recognized with effect from the original bid submission deadline.
10. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063, Public Procurement Regulations-2064 and their amendments.
11. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

| S. N. | Contract ID No. | Description and location of work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Estimate Amount With PS & Without VAT (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 08/PMC/ NCB/W/076-077 | Upgrading of Toripani Sarangkot Sadak , Pokhara 18 | 3000.00 | 3,88,000.00 | 1,28,63,756.35 |

Chief Administrative Officer




समाधान
आर्थिक






# ‘मर्दीखोला मेलम्ची जस्तो नहोस्’

## जापानको करिब ५ अर्ब अनुदानमा बन्ने यो खानेपानी आयोजनाबाट ३ लाख लाभान्वित हुने छन्

**समाधान संवाददाता**
पोखरा, ३० कात्तिक

खानेपानी मन्त्री बिना मगरले पोखराको मर्दीखोला खानेपानी आयोजनाको काम समयमा नै सम्पन्न गर्न निर्देशन दिएकी छन् । मेलम्ची खानेपानी आयोजनाको काम समयमा नै सम्पन्न नभए पनि मर्दी खोला खानेपानी आयोजनाको काम आगामी ३ वर्षभित्र नै सम्पन्न गर्ने गरी काम द्रुत गतिमा अगाडि बढाउन आयोजनालाई उनले निर्देशन दिइएकी हुन् ।

नेपाल खानेपानी संस्थानले पोखरास्थित मर्दी खोलाको पानी प्रशोधन र शुद्धीकरण गरी पिउनयोग्य बनाउने उद्देश्यले जापान सरकारको सहयोगमा आयोजनाको काम अघि बढाएको थियो । आयोजनाको काम सुरु भएको ५ महिना भएको छ । गत जेठ महिनामा खानेपानी मन्त्री मगरले आयोजना शिलान्यास गरेकी थिइन् ।

‘यो आयोजनाको काम तोकिएकै समयमा सम्पन्न हुनुपर्छ,’ खानेपानी संस्थानका अधिकारीहरुलाई उनले भनिन्, ‘आयोजनालाई पनि काममा ढिलाइ नगर्न निर्देशन दिएका छौं । आयोजना सम्पन्न भएपछि स्वच्छ खानेपानी उपलब्धता हुनेछ ।’

मेलम्ची आयोजनापछिको यो दोस्रो ठूलो आयोजना हो । आयोजनाको काम


पुरुन्चौरमा बन्ने ट्रिटमेन्ट प्लान्टको नमुना

३ वर्षमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। पोखरामा खानेपानी सुधार आयोजना सुरु गर्न जापान सरकारले नेपाललाई ४ अर्ब ८१ करोड रुपैयाँ अनुदान दिने सम्झौता गरेको थियो। जापानले दिएको कुल अनुदान रकममध्ये ४ अर्ब २१ करोडमा सिभिल कार्यका लागि जापानमै बोलपत्र आह्वान भएको थियो।

जसमध्ये हाज्मा एन्दो कर्पोरेसन कम्पनीले अनुमानित लागत रकमभन्दा ८ दशमलव २ प्रतिशत कममा बोलपत्र कबोल गरेको थियो। हाज्मा कम्पनीसँग संस्थानले गत २४ फागुनमा सम्झौता गरेको थियो। हाज्मा कम्पनीले ३ अर्ब ९४ करोड २७ लाख रुपैयाँमा ठेक्का पाएको हो।

संस्थानका अध्यक्ष जिउलाल चौधरीले खानेपानीको क्षेत्रमा यो अहिलेसम्मकै ठूलो आर्थिक सहयोग भएको र यस आयोजनाबाट अधिकांश पोखरेलीले प्रत्यक्ष लाभ पाउने बताए । आयोजनाबाट पोखरा महानगरपालिका क्षेत्रभित्र करिब ३ लाख जनसंख्या प्रत्यक्ष लाभान्वित हुने अध्यक्ष चौधरीको भनाइ छ । ५ महिनाको अवधिमा उल्लेख्य भौतिक प्रगति भएको संस्थानका महाप्रबन्धक डा. भूपेन्द्र प्रसादले दाबी गरेका छन् ।

जापानले दिएको अनुदान रकम पानी शुद्धीकरणका लागि ट्रिटमेन्ट प्लान्ट, रिजर्भवायर ट्यांकी निर्माण र पाइपलाइन विस्तारमा खर्च हुने महाप्रबन्धक डा. प्रसादको भनाइ छ। दैनिक ४ करोड १० लाख लिटर पानी प्रशोधन गर्ने गरी ट्रिटमेन्ट प्लान्टको काम रफ्तारमा अघि बढेको महाप्रबन्धक प्रसादले बताए ।

त्यस्तै, खानेपानी भण्डारण गर्न २० लाख लिटरका ३ वटा रिजर्भवायर पानी ट्यांकीको निर्माण कार्य पनि धमाधम भइरहेको छ । पोखराको पर्स्याङ, फूलबारी र कोलपाटनमा रिजर्भवायर ट्यांकी निर्माणको काम भइरहेको संस्थानका पोखरा शाखा प्रमुख आशीष कार्कीले जानकारी दिए ।

शुद्धीकरणको पहिलो प्रक्रिया मर्दी मुहानमै हुनेछ भने ९ सय ३० घनमिटरका २ वटा प्लान्ट निर्माण गरी पुरन्चौर तुल्सीतारा घाटमा सफा पानी संकलन हुनेछ । पर्स्याङ, फूलबारी, कोलपाटनमा निर्माण भइरहेको ट्यांकीमार्फत पोखरामा पानी वितरण हुनेछ । त्यसका लागि १ सय १३ किलोमिटर पाइपलाइन बिछ्याइनेछ । सन् २००४ मै यसको सम्भाव्यता अध्ययन भएको थियो ।

# १२ हजारलाई रोजगारी दिने लक्ष्य

**समाधान संवाददाता**
काठमाडौं, ३० कात्तिक

युवा तथा खेलकुद मन्त्रालयले युवा तथा साना व्यवसायी स्वरोजगार कोषलाई प्रभावकारी बनाउँदै लगेको छ । बेरोजगार युवालाई रोजगारी प्रदान गर्ने उद्देश्यले स्थापित यो कोषले आर्थिक वर्ष ०७६/०७७ मा १२ हजारलाई रोजगारी दिने लक्ष्य राखेको छ । पहिलो चौमासिकमा १ हजार ५ सय ७ लाई कर्जा प्रदान गरिएको कोषका उपाध्यक्ष डा प्रेम दंगालले जानकारी दिए ।

यो आवमा १ अर्ब ५० करोड कर्जा लगानी गर्ने लक्ष्य छ । ‘पहिलो चौमासिकमा थुप्रै काम गरेका छौं,’ उनले भने, ‘लक्ष्य भेट्टाउने गरी कामलाई तीव्रता दिएका छौं ।’ पहिलो चौमासिकमा २४ जिल्लाका ३ सय ४१ सहकारी संस्था तथा करिब २ हजार ५ सय व्यवसायीको अनुगमन गरिएको छ ।

**युवा तथा साना व्यवसायी स्वरोजगार कोषले यो आर्थिक वर्षमा १ अर्ब ५० लाख ऋण प्रवाह गर्ने जनाएको छ**

‘१ सय २६ लाई ११ लाख ३६ ब्याज अनुदान दिइएको छ’, उनले भने, ‘२ हजार ३ सय १८ व्यवसायी र तिनीहरूको परियोजना बिमा गर्ने कामसमेत गरिएको छ ।’ दंगालले रकम दुरुपयोग गर्ने सहकारीलाई कडाइका साथ कारबाही गर्ने गरिएको बताए । ‘सहकारीका पदाधिकारीको घरजग्गा, चल, अचल सम्पत्ति, सरकारी सेवा सुविधासमेत रोक्का गर्दै कालोसूचीमा राख्ने प्रावधान बनाएका छौं,’ उनले भने ।

‘१ स्थानीय तह, १ नमुना व्यवसाय’ कार्यक्रमलाई अघि सारिएको उल्लेख गर्दै दंगालले द्रुत कर्जाबाट ऋण प्रदान गरिएको जनाए । मन्त्रालयका निमित्त सचिव अर्णप्रसाद न्यौपानेले यो आवलाई युवा परिचालन वर्षका रुपमा मनाउन लागिएको जानकारी दिँदै युवा स्वरोजगार कोष र राष्ट्रिय युवा परिषद्को संस्थागत संरचना परिवर्तन गरी स्वरोजगारी सिर्जना गरिएको जानकारी दिए ।

उनले युवा र खेलकुद क्षेत्रको विकासका लागि मन्त्रालयले प्रगति देखिने गरी काम गर्न सफल रहेको दाबी गरे । ‘युवातर्फ उपराष्ट्रपति युवा पुनर्स्थापना कार्यक्रम, युवा अनुभव आदानप्रदान, राष्ट्रिय विकास स्वयंसेवक परिचालन कार्यक्रम सञ्चालित छन्’, उनले भने, ‘खेलकुदतर्फ अन्तर्राष्ट्रिय स्तरको राष्ट्रिय खेलकुद परिसर निर्माण, रंगशाला निर्माण, क्रिकेट रंगशाला निर्माण, प्रादेशिक रंगशाला निर्माण र स्थानीय तहमा समेत खेल मैदान तथा खेलग्राम निर्माण गरिएको छ ।’

उनले आगामी वर्षका लागि पनि विभिन्न लोकप्रिय कार्यक्रम तय गरिएको बताए । न्यौपानेले युवाका लागि विज्ञान तथा प्रविधि प्रवर्द्धन कार्यक्रमलाई अघि बढाइने जनाए । ‘सहुलियत पूर्ण कर्जाको सहजीकरणका लागि उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम सञ्चालन गरिने छ’, उनले भने, ‘सबै मन्त्रालयका युवा सम्बन्धित कार्यक्रमसँग समन्वय गर्ने छौं ।’


**राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको कालिगण्डकी करिडोर बागलुङ खण्ड ३५ किलोमिटर मध्ये दोस्रो चरणमा दश मिटर चौडा पार्नका लागि वलेवा विमानस्थल नजिकैको सडक चौडा पार्दै नेपाली सेनाको निर्माण कार्यदलका मजदुर ।** *तस्बिर: खेमराज गौतम/रासस*

# मिलीजुलीको सभा

पोखरा, ३० कात्तिक (समाधान)- मिलीजुली बचत तथा ऋण सहकारीको १२ औं वार्षिक साधारणसभा शनिबार भएको छ । जिल्ला समन्वय समिति कास्की संयोजक बैनबहादुर क्षेत्री (अधिकारी) ले सभा उद्घाटन गरे । क्षेत्रीले सहकारीलाई उत्पादनमा जोडेर देशको स्वाधीन अर्थतन्त्रलाई टेवा पुऱ्याउँदै सुखी नेपाली र समृद्ध नेपालको राष्ट्रिय माग पूरा गर्नुपर्ने बताए ।

सहकारी संस्थाका अध्यक्ष विष्णुप्रसाद सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला सहकारी संघका अध्यक्ष रविरमण तिवारी, उपाध्यक्ष बलराम गौतम, कास्की बचत संघका उपाध्यक्ष भेषराज बराल, मुक्तिनाथ विकास बैंकका प्रतिनिधि ध्रुव रेग्मी, अडिटर रुद्रनाथ पौडेल, भागवत नेपाल, कमनलाथ कुँवर, मीनराज काफ्ले लगायतले बोलेका थिए । संस्थाका उपाध्यक्ष ज्ञानहरि आचार्यले स्वागत गरेको कार्यक्रम सञ्चालन सचिव युक्तबहादुर सुवेदीले गरेका थिए ।

# नेपाल बैंक ८४ वर्षमा



**समाधान संवाददाता**
पोखरा, ३० कात्तिक

नेपाल बैंक लिमिटेड गण्डकी प्रादेशिक कार्यालय पोखराले बैंकको ८३ औ वार्षिकोत्सव विभिन्न कार्यक्रमका साथ मनाएको छ । वार्षिकोत्सवको अवसरमा बैंकले शनिबारका पोखराको पृथ्वीचोक, नयाँबजार, महेन्द्रपुल, न्युरोड, सभागृहचोक लगागत स्थानमा बैंकिङ सचेतनामूलक प्रभातफेरी निकालेको छ । पृथ्वीचोक आसपासका क्षेत्रमा सरसफाइसमेत गरिएको छ ।

बैंकका प्रादेशिक कार्यालय गण्डकी प्रमुख विनयकेशरी पौड्याल सहभागी कार्यक्रममा बैंकका पोखरास्थित प्रादेशिक कार्यालय, पृथ्वीचोक, तेर्सापट्टी, बगर, तालचोक, बिरौटा र हेम्जा शाखाका कर्मचारी पनि सहभागी थिए । नेपाल बैंकका गण्डकी प्रदेशमा २२ वटा शाखा, १५ वटा एटिएम र ५ वटा एक्टेन्सन काउन्टमार्फत सरकारी कारोबारसहितका विभिन्न अत्याधुनिक बैंकिङ सुविधा प्रदान गर्दै आएको छ ।

# पर्वतको सातु युरोप र अमेरिकामा

पर्वत, ३० कात्तिक (रासस)- पोषिलो खानेकुरा भए पनि आजकल गाउँघरमा मकै लगायतका अन्न पिसेर बनाइने सातु बनाउने चलन हराइसक्यो । विभिन्न अन्न भुटेर तयार पारिने त्यही पीठो (सातु) अहिले युरोप र अमेरिकामा लोकप्रिय बनेको छ ।

पर्वतको फलेवास नगरपालिकामा तयार गरिएको त्यही सातु अहिले अमेरिका र युरोपका गैरआवासीय नेपालीले लैजान थालेका हुन् । फलेवास नगरपालिकामा स्थानीय जातका परिकार तयार पार्दै आएका उद्यमी थानेश्वर भुसालले मकै, भट्ट, फापर, चना लगायतको मिश्रणबाट पोसिलो खाजा उत्पादन गरेका छन् । ‘गाउँघरमा सातु भनेर हेला गर्छन्’, उद्यमी भुसालले भने, ‘सहर बजार र विदेशमा सातुको माग धेरै आएको छ ।’ भुसालले मुडिकुवामा १८ वर्षदेखि सामुदायिक खाद्य प्रशोधन उद्योग सञ्चालन गर्दै आएका छन् ।

उद्योगले स्थानीय स्तरमा उत्पादन हुने मकै, भटमास, चना, फापर, अदुवा, बदाम, चिनी, अलैंची, मरिच लगायतलाई मेसिनमा भुटेर सातु बनाउने गरेको छ । तयारी खाजाले स्वास्थ्यमा असर गर्ने भए पनि सातु पोषणयुक्त र स्वास्थ्यमा कुनै असर नगर्ने भएकाले यसको माग बढेको उद्यमी भुसाल बताउँछन् । लप्सी, अदुवा र सितलचिनी प्रशोधन गरेर बेच्दै आएको उद्योगले सातु उत्पादन गर्न थालेपछि आम्दानी पनि बढेको छ।

यहाँको सातु अहिले कुश्माबजारमा खाद्य स्टोर्स, डिमार्टमेन्टलले खरिद गर्छन् । कोसेलीका रुपमा काठमाडौं, पोखरालगायत देशका विभिन्न स्थानमा समेत पुग्न थालेको छ ।

# ५६ हजार करको दायरामा

**समाधान संवाददाता**
दमौली, ३० कात्तिक

आन्तरिक राजस्व कार्यालय दमौलीमा ५६ हजारभन्दा बढी करदाता करको दायरामा आएका छन् । तनहुँ, लमजुङ, गोरखा र मनाङ कार्यक्षेत्र रहेको कार्यालयमा हालसम्म ५६ हजार ६ सय करदाता करको दायरामा आएका हुन् ।

कार्यालय प्रमुख सूर्यप्रसाद सेढाइँका अनुसार व्यावसायिक लेखा नम्बरतर्फ ३१ हजार २ सय ८०, मूल्य अभिवृद्धि करतर्फ ३ हजार ३ सय ३६ र व्यक्तिगत स्थायी लेखा नम्बरतर्फ १८ हजार ९ सय २७ समेत गरी जम्मा ५६ हजार ६ सय करदाता करको दायरामा आएका छन् । राजस्व असुलीको तथ्यांक र करदाताको दर्ता संख्या हेर्दा कार्यालयको कार्यक्षेत्र र जिम्मेवारी निरन्तररूपमा वृद्धि हुँदै गएको कार्यालय प्रमुख सेढाइँले बताए ।

गत आर्थिक वर्ष २०७५/७६ सम्ममा व्यावसायिक लेखा नम्बर लिनेको संख्या २५ हजार ३ सय ४६ थियो भने मूल्य अभिवृद्धि करतर्फ २ हजार ७ सय ४, व्यक्तिगत स्थायी लेखा नम्बरतर्फ ७ हजार ३८ समेत गरी ३७ हजार ३ सय ४४ करदाता थिए । सरकारले चालु आवदेखि स्थायी लेखा नम्बर (पान) अनिवार्य गरेपछि करको दायरामा आउनेको संख्या ह्वात्तै बढेको हो ।

२०६९ वैशाख ९ गते करदाता सेवा कार्यालयको रूपमा स्थापना भएको कार्यालय विसं २०७५ असार २० गते आन्तरिक राजस्व कार्यालयको रुपमा स्तरोन्नति भएको थियो । कार्यालय साबिक डिभिजन सहकारी कार्यालयको भवनमा सञ्चालन हुँदै आएको छ । विसं २०७५ असोज ४ गते कार्यालयको उद्घाटन भएको थियो भने २०७५ मंसिर १ गतेदेखि कार्यालय पूर्णरूपमा सञ्चालनमा आएको थियो ।

दमौलीमा आन्तरिक राजस्व कार्यालय स्तरोन्नति भएपछि सेवाग्राहीलाई सहज भएको छ । यस अगाडि करसम्बन्धी सेवा लिन पोखरा जानुपर्ने अवस्था रहे पनि गत वर्षदेखि भने दमौलीमै सेवा पाउँदा सहज भएको गोरखाका करदाता दीपक विकले बताए । गत आव २०७५/७६ मा ५ अर्ब १९ करोड राजस्व संकलन गर्ने लक्ष्य राखेको कार्यालयले ५ अर्ब ३० करोड राजस्व संकलन गरेको थियो । चालु आव २०७६/७७ मा ८ अर्ब ६१ करोड राजस्व संकलन गर्ने लक्ष्य लिएको छ ।



१३ औं एसियाली खेलकुद

# महिला फुटबल प्रतियोगिता अन्योलमा

**समाधान संवाददाता**
पोखरा, ३० कात्तिक

१३ औं दक्षिण एसियाली खेलकुद (साग) अन्तर्गत पोखरामा हुने भनिएका ९ खेलमध्ये प्याराग्लाइडिङ नहुने निश्चितजस्तै भइसकेको छ । प्रतियोगिता हुन कम्तीमा ३ राष्ट्रले भाग लिनुपर्ने नियम छ । तर, प्याराग्लाइडिङमा भारत र नेपालबाहेक अर्को राष्ट्रले अहिलेसम्म भाग लिने छनक नल्याएकाले प्याराग्लाइडिङ नहुने निश्चितजस्तै भएको हो ।

प्याराग्लाइडिङबाहेक महिला फुटबल पनि नहुने शंका बढेको छ । मैदानका लागि आवश्यक पर्ने पूर्वाधार अहिलेसम्म पूरा नभइसकेको र आवश्यक सामान पोखरा नआइसकेकाले पनि महिला फुटबलबारे अन्योल छ । मैदानका लागि आवश्यक पर्ने दुबो, प्यारापिट लगायत सामान भारतबाट अझै पोखरा आइसकेका छैनन् ।

खेल विज्ञका अनुसार नयाँ दुबो बिछ्याएको २ हप्तामा खेल्न सकिने भए पनि अहिलेसम्म दुबो नेपाल नआएकाले महिला फुटबल हुनेमा शंका देखिएको हो । खेल सुरु हुन अब २ हप्ता नै बाँकी छ । अब हतारमा दुबो बिछ्याए पनि समय अभावका कारण खेलका लागि उपयुक्त भने हुने छैन ।

महिला फुटबल हुने मैदानका लागि अघिल्लो पटक कोलकत्ताबाट माटोसहित दुबो ल्याइएको थियो । तर, भारतीय क्वारेन्टाइनले भन्सारमा माटोसहित दुबो रोकिदिँदा दुबो आउन १ हप्ता लागेको थियो । मैदानका लागि ल्याइएको ८७ हजार वर्गफिट दुबो नेपाल ल्याउन ढिलाइ भएका कारण आधाभन्दा बढी उम्रिएन । अहिले कम्पनीले १२ हजार वर्गफिट दुबो मगाएको छ ।

दोस्रो पटक मगाइएको दुबो गत आइतबार निर्माण पक्षले बुधबारसम्म पोखरा आइपुग्ने दाबी गरेका थिए । तर, दुबो शनिबारसम्म नेपाल नआउँदा महिला फुटबल मैदानको तयारी पूरा हुन सकेको छैन ।

**नयाँ दुबो बिछ्याएको २ हप्तामा खेल्न सकिने भए पनि अहिलेसम्म दुबो नेपाल नआएकाले महिला फुटबल हुनेमा शंका**

तर, नेपाल सरकारका युवा तथा खेलकुद मन्त्री जगत विश्वकर्मा भने प्याराग्लाइडिङ र महिला फुटबलसहित ९ वटै खेल हुने दाबी गरे । उनी भन्छन्, 'महिला फुटबलका लागि मैदानमा दुबो रोप्न केही चुनौती देखें । तर, दुबो नेपाल आइसकेपछि फेर्नलाई कुनै समस्या हुने छैन ।'

१३ औं साग क्षेत्रीय प्रचारप्रसार तथा प्रकाशन समितिले शनिबार पोखरामा गरेको पत्रकार भेटघाट कार्यक्रममा मन्त्री विश्वकर्माले साग नेपालको साखसँग जोडिएकाले सबै खेल हुने दाबी गरेका हुन् । '१३ औं साग नेपालले तेस्रो पटक आयोजना गर्ने अवसर पाएको छ । त्यसैले यो नेपाल र नेपालीको प्रतिष्ठा, इज्जतसँग पनि जोडिएकाले पूर्वाधारमा कुनै कमी हुँदैन,' उनले भने ।

२ वर्ष अघि नै सकिसक्नुपर्ने १३ औं साग तत्कालीन समयमा विनाशकारी भूकम्पका कारण रोकिएको मन्त्री विश्वकर्माले सुनाए । 'भूकम्पले भएका पूर्वाधार पनि क्षति पुऱ्याएको थियो । सोही कारण नयाँ पूर्वाधार बनाएर साग आयोजना गर्नु हामीलाई चुनौती थियो,' उनले भने, 'पुराना पूर्वाधारमा काम गर्नु र नयाँ पूर्वाधार बनाएर काम गर्नु पक्कै पनि चुनौतीपूर्ण हुन्छ ।'

मन्त्री विश्वकर्माले पोखरा रंगशालाका लागि आवश्यक ग्रान्ड स्ट्यान्ड प्यारापिट सोमबारसम्म पोखरा आइपुग्ने निर्माण कम्पनीले प्रतिबद्धता गरेको जनाए । उनले भने, 'सोमबारसम्म पोखरा प्यारापिट लगायतका सबै सामान आइपुग्छन् । त्यो जोड्न ४/५ दिन लाग्छ ।' उनले बाँकी रहेका पूर्वाधार निर्माणसमेत मंसिरको पहिलो साता नै सबै तयार भइसक्ने बताए ।

१३ औं साग अन्तर्गत पोखरामा ९, जनकपुरमा १ र काठमाडौंमा १३ खेल हुने तय भएको छ । साग खेल हुने रंगशालामध्ये पोखरामा महिला फुटबल मैदानमा दुबो रोप्ने/फेर्ने, दशरथ रंगशालामा भिआइपी प्यारापिट जडान र सातदोबाटोमा हिटिङ स्विमिङ पुल तयार हुनमात्रै बाँकी रहेको र १ हप्ताभित्रै पूरा भइसक्ने मन्त्री विश्वकर्माको दाबी छ ।




**र्‍यान्डम रिडर्स सोसाइटीले शनिबार पोखरामा आयोजना गरेको बैरागी काइँलाका कविता र तेस्रो आयाम साहित्यिक अभियानमाथि विचार राख्दै लेखक सरोनर।**

*तस्बिर सौजन्य: खिम लामिछाने*

## नयाँगल्लीलाई भेट्रान्स कप



**समाधान संवाददाता**
पोखरा, ३० कात्तिक

इन्द्रेणी एकीकृत विकास केन्द्रको आयोजनामा सम्पन्न 'देशना चन्द स्मृति दोस्रो भेट्रान्स (३५ वर्ष माथि) सेभेन ए साइड नयाँगल्ली कप' को उपाधि आयोजक नयाँगल्लीले जितेको छ ।

पुरानो टुँडिखेलमा शनिबार भएको फाइनल खेलमा एलजी एसोसिएसनलाई शून्यका विरुद्ध ३ गोलले पराजित गर्दै आयोजकले उपाधि जितेको हो । आयोजकको जितका लागि सन्तोष गुरुङले १ र नरेश केसीले २ गोल गरे । खेल अवधिभर एलजीले पाएको अवसर सदुपयोग गर्न नसक्दा हार व्यहोर्नु पऱ्यो ।

कपको उपाधिसँगै नयाँगल्लीले सिल्ड, मेडल तथा प्रमाणपत्रसहित नगद ६६ हजार प्राप्त गऱ्यो भने उपविजेता टिम एलजीले सिल्ड, मेडल तथा प्रमाणपत्रसहित नगद ४० हजार हात पाऱ्यो ।

प्रतियोगिताबाट सर्वोत्कृष्ट खेलाडीको रुपमा नयाँगल्लीका दिलीप गुरुङ पुरस्कृत बनेसँगै रुपाकोट रिसोर्टमा १ रात निशुल्क खाना तथा आवासको हकदार बने । त्यस्तै सर्वाधिक गोलकर्ताको रुपमा सोही टिमकै नरेश केसी, उत्कृष्ट मिडफिल्डर आयोजककै झकबहादुर क्षेत्री, उत्कृष्ट गोलरक्षक सोही टिमकै सुमन गुरुङ घोषित भए भने उत्कृष्ट डिफेन्डर एलजीका सुनिल राना बने ।

फाइनलअघि सम्पन्न जुनियर एकेडेमीतर्फ ढिकुरपोखरी एकेडेमीलाई २-० गोलले पराजित गर्दै विष्णुपादुका एकेडेमी हेमजा विजयी बनेको थियो । दुवै टिमका खेलाडीले मेडल तथा सिल्ड प्राप्त गरे । १५ टिमको सहभागितामा कात्तिक २५ देखि सञ्चालनमा रहेको प्रतियोगिताको विजेता तथा उपविजेता टिमका खेलाडीलाई पोखरा महानगरपालिका १ का अध्यक्ष शारदा पराजुली, स्व. देशना चन्दका पिता विवेक चन्द र माता ग्रीष्मसिंह चन्द, वडा प्रहरी कार्यालय बगरका प्रमुख प्रहरी निरीक्षक दीपक थापामगर, चन्द्र गुरुङ तथा इन्द्रेणी एकीकृत विकास केन्द्रका अध्यक्ष भानुभक्त अधिकारी लगायतले पुरस्कार वितरण गरेका थिए ।

## ह्यान्डबलका लागि म्याट काठमाडौंमा

पोखरा, ३० कात्तिक (समाधान)- १३ औं दक्षिण एसियाली खेलको भौतिक संरचना तीव्र रुपमा अघि बढेको समयमा ह्यान्डबलका लागि आएको म्याट काठमाडौंमै रोकिएको छ । चीन हुँदै नेपाल ल्याइएको म्याट भन्सार मिलाउने क्रममा रहेको र १ हप्ताभित्र पोखरा आइपुग्ने कास्की जिल्ला ह्यान्डबल संघ अध्यक्ष चित्रबहादुर थापाले जानकारी दिए । १ करोड बराबरको म्याट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रोकिएको हो । म्याट पोखरामा आएको १ हप्ताभित्र नै म्याट बिछ्याउने काम सकिनेछ ।

१३ औं दक्षिण एसियाली खेल साग अन्तर्गत ९ वटा खेल प्रतिस्पर्धा पोखरामा गर्ने तयारी गरिएको छ । सोही अन्तर्गत पोखरा रंगशालाको बहुद्देश्यीय कभर्ड हलमा महिला र पुरुष ह्यान्डबल प्रतियोगिता हुनेछ । हलमा साउन्डको समस्या भने रहिरहेको थापा बताउँछन् । हलमा इको (प्रतिध्वनि ) ले असर गरेको छ ।

ह्यान्डबल प्रतियोगितामा भुटानी टिम सहभागी हुने छैन । साग मुलुकका अन्य सबै देशबाट महिला र पुरुष खेलाडी सहभागी हुने थापाले बताए । मंसिर १८ गतेदेखि २३ गतेसम्म चल्ने प्रतियोगितामा सुरुका १२ खेल लिग नकआउट चरणमा हुनेछन् । लिग नकआउबाट छनोट भएका ४ महिला र ४ पुरुष टिम सेमिफाइनलमा भाग लिने छन् । ह्यान्डबलका बन्द सत्रमा रहेका खेलाडी पुरुष टिम भारत र महिला टिम थाइल्यान्डमा प्रशिक्षणका लागि गएका छन् ।

# रंगशाला निर्माण तीव्र गतिमा

**राष्ट्रिय समाचार समिति**
नवलपुर, ३० कात्तिक

चितवनको भरतपुरमा निर्माण भइरहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणको कामले तीव्रता पाएको छ । क्रिकेट मैदान सम्याउने र नाली निर्माणको काम तीब्र गतिमा अगाडि बढिरहेको छ ।

रंगशालाको निर्माण समयमै सम्पन्न गर्नका लागि काम युद्धस्तरमा अगाडि बढिरहेका धुर्मुस सुन्तली फाउन्डेसनका अध्यक्ष सीताराम कट्टेल 'धुर्मुस'ले बताए । रंगशालाको निर्माणका लागि आफू दिनरात खटिएको बताएका छन् । बिहान ६ बजेदेखि राति १० बजेसम्म रंगशाला निर्माणको काममा जुटेको धुर्मुसको भनाइ छ ।

नवलपुरको गैंडाकोटमा शनिबार सञ्चारकर्मीसँग कुराकानी गर्दै धुर्मुसले क्रिकेट मैदान सम्याउने काम अगाडि बढिरहेको जानकारी दिए । 'अहिले राति अबेरसम्म पनि रंगशाला निर्माणको काममा जुटिरहेका छौं,' उनले भने ।

मैदान सम्याउने र नालीको काम पूरा भएपछि पक्की निर्माणको काम अगाडि बढाउने उनले सुनाए । हाल कम्तीमा पनि ८० कामदार खटिएर नाली निर्माणका लागि डिपिसीको काम भइरहेको कट्टेलले बताए । क्रिकेट मैदानका लागि जमीनको सतहबाट २ फिट उचाइमा माटो उठाउनुपर्ने भएकाले माटोलाई रोलरले पेल्दै सम्याउँदै अगाडि बढिरहेको कट्टेलको भनाइ छ ।

'क्रिकेट मैदानका लागि मुख्य मैदान निर्माणसँगै क्रिकेट अभ्यासका लागिसमेत मैदान तयार गरिरहेका छौं,' उनले भने, 'रंगशाला हेर्नका लागि आउने र खेल्नका लागि आउनेका लागि क्रिकेट मैदानको 'स्याम्पल' बनाएका छौं, यसरी हामीले रंगशाला निर्माणको काम अगाडि बढाएका छौं ।' खेल्न योग्य मैदान चाँडै नै निर्माण हुने जानकारी दिँदै धुर्मुसले स्रोत व्यवस्थापन भएको अवस्थामा २२ महिनाभित्रमा सम्पूर्ण संरचनासहित रंगशाला निर्माण पूरा गर्न सकिने बताए ।

क्रिकेट रंगशाला समयमै निर्माण सम्पन्न गर्न सबै नेपाली अभियान्ता बनेर तन, मन र धनले सहयोग गर्नुपर्ने उनको भनाइ छ । भरतपुरमा निर्माण भइरहेको अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाका लागि सहयोग गर्न गैंडाकोट नगरपालिकामा नगरस्तरीय सहयोग समिति बनेको छ । नगर उपप्रमुख विष्णुकुमारी कँडेलको संयोजकत्वमा नगरस्तरीय सहयोग समिति निर्माण गरिएको हो ।

करिब २ अर्ब ६० करोड रुपैयाँ लागतमा चितवनको भरतपुर १५ मा रहेको कृषि तथा वन विश्वविद्यालय परिसरमा गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रंगशाला निर्माण भइरहेको छ । रंगशालामा २५ हजार दर्शक क्षमताको हुनेछ । नेपालको मौलिकतासहित निर्माण हुन लागेको रंगशाला स्तूप आकारको हुनेछ भने क्रिकेट मैदान फुलेको कमल फूल आकारको हुने जनाइएको छ ।

# लाग्रान्डीमा एकेडेमिक एक्सिलेन्स

**समाधान संवाददाता**
पोखरा, ३० कात्तिक

लाग्रान्डी इन्टरनेसनल कलेजले आफ्ना विद्यार्थीलाई एकेडेमिक एक्सिलेन्स तालिम दिएको छ । कलेजको स्नातक तहमा भर्ना भएका पहिलो सेमेस्टरका विद्यार्थीलाई लक्ष्य गरेर विद्यार्थीलाई आफ्ना साथीहरुको बारेमा, आफ्नो सकारात्मक पक्ष र सुधारात्मक पक्षको बारेमा जानकारी गराइएको थियो ।

उनीहरुको क्षमता एवं इच्छाका आधारमा लक्ष्य निर्धारण गर्न, त्यसका लागि चाहिने समयका लागि समय व्यवस्थापन सँगसँगै जीवनका हरेक क्षणमा साथ दिने बुबाआमा र सही दिशानिर्देश गर्ने शिक्षकशिक्षिकाको भूमिकाबारे विभिन्न क्रियाक्रलापका माध्यमबाट तालिम प्रदान गरिएको कलेजले जनाएको छ ।

कक्षा १२ सम्मको पढ्ने तरिका एवं पढाउने तरिका भन्दा स्नातक तहमा पढ्ने, पढाउने र शिक्षकशिक्षिकाले गर्ने व्यवहारसमेत निकै फरक हुने र विद्यार्थीलाई नै जिम्मेवार बनाउने खालको वातावरण कलेजले प्रदान गर्ने विचार प्रिन्सिपल किरण केसीले व्यक्त गरे । विद्यार्थीलाई स्वयंप्रति, आफ्नो भविष्य, पढाइ एवं परिवारप्रति जिम्मेवार बनाउन तालिम आयोजना गरिएको र तालिम सोचेभन्दा पनि सफल भएको कलेज प्रिन्सिपल केसीले बताए ।




तालिम पोखरामा रहेर देशविदेशमा एकेडेमिक एवं कर्पोरेट तालिम प्रदान गर्दै आइरहेको संस्था कोचिङ टेनिङ नेपालका प्रबन्ध निर्देशक, सर्टिफाइड एनएलपी टेनर एवं कर्पोरेट कोच सुवास पौडेलले प्रदान गरेका थिए । २ दिनसम्म चलेको तालिममा पहिलो दिन बिबिएका विद्यार्थी र दोस्रो दिनमा बिसिए र बिपिएचका विद्यार्थीलाई तालिम प्रदान गरिएको थियो ।

तालिमको अन्त्यमा प्रशिक्षक सुवास पौडेल एवं उनको टिमलाई कलेज प्रिन्सिपल किरण केसीले मायाको चिनो प्रदान गरेका थिए । पोखराको सिर्जनाचोकमा अवस्थित रहेर कलेजले विगत १९ वर्षदेखि बिबिए, बिसिए र बिपिएचका कक्षा सञ्चालन गर्दै आएको छ ।




**न्युरोडमा फ्ल्याट भाडामा**

पोखरा महानगरपालिकाको आडमा रहेको घरको दोस्रो तलामा ३ वटा कोठा र १ वटा हल सहितको फ्ल्याट भाडामा छ । आवश्यक पर्नेले सबै वा चाहिएजति भाडामा लिन सक्नुहुनेछ ।

**अफिसियल प्रयोजनका लागि प्राथमिकता**

**सम्पर्क : ९८५६०७३५००**




**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **कार्यकारी सम्पादक** : भरत कोइराला, **सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालय:** नयाँबजार, पोखरा, फोन : ०६१-५३८९७७, ५२६६६८, Email: Ad: samadhanpkr@gmail.com, News: samadhandainik@gmail.com